
# लिटिल डायनो



अनन्त वाग्ले

# लिटिल डायनो



अनन्त वाग्ले



## अनन्त वाग्ले

अनन्त वाग्ले (जन्मः इ.सं. १९७५) दुई दशकभन्दा धेरै समयदेखि साहित्य सिर्जना तथा सम्पादनमा लागि रहनु भएको छ। उहाँले एउटा कविता सङ्ग्रहसहित बालसाहित्यका ४५ भन्दा धेरै पुस्तक लेखिसक्नु भएको छ। 'यार्चा', 'शिवानी सर्कस', 'ग्रेटवालमा जिराफ', 'नरम सिलौटो' उहाँका चर्चित पुस्तक हुन्। उहाँले कान्तिपुर दैनिक पत्रिकाको बालपरिशिष्टाङ्क 'कोपिला' को संयोजन पनि गर्नु भएको थियो। उहाँ सिर्जनात्मक लेखनका प्रशिक्षक तथा पठन संस्कृति प्रवर्द्धनका अभियन्ता पनि हुनुहुन्छ। साहित्यिक योगदानका लागि उहाँले युवावर्ष मोती पुरस्कार, साझा बालसाहित्य पुरस्कार, सर्वोत्कृष्ट बालपुस्तक पुरस्कार, पारिजात बालसाहित्य पाण्डुलिपि पुरस्कारलगायत राष्ट्रिय स्तरका विभिन्न सम्मान तथा पुरस्कार प्राप्त गर्नुभएको छ। बालशिक्षा र पत्रकारितामा उहाँको लामो अनुभव छ। हाल उहाँ बालबालिकामा पुस्तक पढ्ने बानी बसाल्न सामग्री विकास तथा शिक्षक तालिमको काम गर्नुहुन्छ।

**लिटिल डायनो**

वातावरणीय बालकथा सङ्ग्रह

कथाकार : अनन्त वाग्ले

चित्रकार : पल्पसा मानन्धर, अर्पिता शाक्य

सम्पादन : विनय कुमार कसजू

भाषा सम्पादन : प्रमोद प्रधान

कला संयोजक : एकाराम सिंह

प्रकाशक : बालवाङ्मय तथा अनुसन्धान केन्द्र, काठमाडौँ

सहयोगी निकाय : जल तथा मौसम विज्ञान विभाग/नेपाल सरकार, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यु.एन.डी.पी.) तथा विश्वव्यापी वातावरणीय सहुलियत

प्रकाशन मिति : २०७५ (सन् २०१८)

डिजाइन : वर्ल्डवाइड प्रिन्ट् सोलुसन, ०१-५५५०२८९, wpsnepal@gmail.com

मुद्रण : स्पर्श प्रिन्टर्स, ललितपुर, ०१-५१५१६४४

# भूमिका

वातावरण विनाशले पृथ्वी र यहाँ बस्ने जीवजन्तुलाई धेरै प्रकारले प्रभाव पार्दै छ । विभिन्न ठाउँको जलवायुमा परिवर्तन आएको छ । जाडो ठाउँमा गर्मी बढेको छ । पानी नपर्ने ठाउँमा पानी पर्न थालेको छ । हिमालमा हिउँ र हिमनदी पग्लेर एकातिर बाढी आउने र अर्कोतिर नदीनाला सुक्ने खतरा बढेको छ । जीवजन्तु र बनस्पतिको सन्तुलन बिग्रँदै छ । वन्य पशुपंछीको वासस्थान उजाडिँदै छ । जीव जनावर मानव तथा बोट बिरुवामा विभिन्न प्रकारका रोगका कीटाणुको संक्रमण बढ्दो छ । मानव जातिको अस्तित्वमाथि नै खतरा आउने सम्भावना बढ्दै छ । यसैले वातावरणमा जलवायु पवितृनको असर विश्वकै चासोको विषय बनेको छ ।

वातावरण संरक्षणको महत्व नबुझ्नाले वा यसबारे हेलचेक्र्याइँ गर्नाले मानिसले वातावरण बिग्रने, बिगार्ने काम आफै गर्दै छ । बन जङ्गल विनाश हुँदै छ । बाढी, पहिरो, भूक्षय र मरुभूमीकरण तीव्र रूपमा भइरहेको छ । धुलो, धुवाँ र विभिन्न प्रकारका ग्यासबाट वायुमण्डल दूषित हुँदै छ । प्लास्टिक तथा विभिन्न प्रकारका विषाक्त पदार्थले खोलानाला र जमिनभित्रको पानी समेत प्रदूषित हुँदै छ । चाँडै पैसा कमाउन लोभमा फसेर कृषि उत्पादन र औद्योगिक उत्पादनमा रासायनिक तथा विषालु पदार्थको मिसावट बढिरहेको छ । वातावरण कसरी जोगाउने भन्ने बेलामै बुझेनौँ र यसको लागि प्रयास थालेनौँ भने मानिसले पछुताउनु पर्ने छ । यसैले वातावरण शिक्षा सबैका लागि महत्वपूर्ण भएको छ ।

वातावरण शिक्षाले हामीलाई हाम्रो वरिपरिको संसारसँग जोड्छ र हामीलाई प्राकृतिक तथा मानिसले बनाएको वातावरणका बारेमा सिकाउँछ । यसले हामीसँग सरोकार राख्ने, हामी निर्भर रहेको तथा हामीलाई धेरै प्रभाव पार्ने वातावरणीय विषयका बारेमा हामीलाई सचेत बनाउँछ । अनि वातावरण जोगाउने र सपार्ने उपायहरूका बारेमा सिकाउँछ ।

वातावरण शिक्षाको व्यक्तिगत फाइदा पनि छ । यसले विद्यार्थीहरूलाई आलोचनात्मक तथा विश्लेषणात्मक दृष्टिले सोच्न र कुनै काम वा कुरा किन हुन्छ भन्ने खोज, अनुसन्धान गर्न प्रेरित गर्छ र वातावरणका अप्ठ्यारा समस्याहरूमा पनि आफै निर्णय गर्न सघाउँछ । उनीहरूलाई सिर्जनशील बनाउँछ । वातावरण शिक्षाले बालबालिकालाई प्रकृतिको नजिकै लैजान्छ र प्रकृतिलाई बुझ्न र प्रकृतिसँग मिलेर काम गर्न प्रेरित गर्छ । वातावरण शिक्षाले बालबालिकालाई स्वस्थकर जीवनशैली अपनाउन सघाउँछ । खाने बानीमा सुधार गर्न, सन्तुलित आहारप्रति सचेत हुन र जीवन बाँच्ने स्वस्थ तरिका सिकाउँछ ।

वातावरण शिक्षा हामीले कक्षा कोठाभित्र, पुस्तक पत्रिकामा वा प्रकृतिको खुला किताबबाट पनि पाउन सक्छौँ । यसबाट विद्यार्थी, समाज, देश र विश्वलाई नै फाइदा हुन सक्छ । वातावरण संरक्षणको सक्रिय कार्यकर्ता वा अगुवा (हिरो) हुनु भनेको यो विश्वको लागि कति ठूलो योगदान हो भन्ने कुरा बालबालिकाले सानैदेखि बुझे भने वातावरण संरक्षणका क्षेत्रमा देश र समाजका लागि मात्रै हैन विश्वकै लागि ठूलो योगदान हुने छ । यसैले बालबालिकालाई वातावरण शिक्षाको विशेष महत्व छ ।

वातावरण शिक्षाका लागि ज्ञान विज्ञानका पुस्तकका तुलनामा कथाका माध्यम बढी प्रभावकारी हुन्छ । नेपालमा बालबालिकालाई वातावरण शिक्षा दिने पुस्तकहरू ज्ञान विज्ञान वा जानकारी मूलक पुस्तकका रूपमा पाइन्छन्, तर कथा वा आख्यानको माध्यमबाट वातावरण शिक्षा दिने पुस्तकहरू साह्रै थोरै छन् । वातावरणीय बालकथाको अभाव पूरा गर्दै कथाको माध्यमबाट रमाइलो तरिकाले वातावरण तथा जलवायु परिवर्तनका विभिन्न समस्या, असर र समाधानका उपायका बारेमा पुस्तक तयार पार्ने प्रयासको फलस्वरूप यो पुस्तक तयार पारिएको हो ।

यसमा अनन्त वाग्लेको 'लिटिल डायनो', गङ्गादेवी कसजूको 'नागदहका माछा', प्रमोद प्रधानको 'खैरो बकुल्ला', मन्जु ज्ञवालीको 'इम्जाको झस्को' र विजयराज आचार्यको 'रङ्गीन विष' शीर्षक पाँच पुस्तक तयार पारिएका छन् । प्रत्येक पुस्तकमा पाँचपाँच वटा कथा छन् । सबै कथाहरू मुख्य रूपमा माध्यिमक तहका विद्यार्थीहरूलाई लक्षित गरी तयार पारिएको छ ।

यी पुस्तक नेपाल सरकार, संयुक्त राष्ट्र विकास कार्यक्रम (यूएनडीपी), अतिकम विकसित राष्ट्रहरूको लागि कोष/विश्वव्यापी वातावरणीय सहुलियत (जिईएफ) – समुदायमा आधारित बाढी तथा हिमताल विस्फोटन जोखिम न्यूनीकरण आयोजनाको संयुक्त प्रयासमा तयार पारिएको हो । वातावरणीय विषयमा कथा लेखन कार्यशाला संचालनदेखि पुस्तकको लेखन, सम्पादन तथा प्रकाशनको जिम्मा दिएकोमा बालवाङ्मय तथा अनुसन्धान केन्द्र सबै सम्बन्धित निकायहरूप्रति हार्दिक धन्यवाद दिन चाहन्छ । साथै प्रशिक्षक तथा सम्पादक विनयकुमार कसजू, भाषा सम्पादक प्रमोद प्रधान, चित्र संयोजक कलाकार एकाराम सिंह, चित्रकारहरू युवक श्रेष्ठ, रवीन्द्र मानन्धर, पल्पसा मान्धर र अर्पिता शाक्य तथा पाँचै जना लेखकहरूलाई धेरै धन्यवाद ।

**बालवाङ्मय तथा अनुसन्धान केन्द्र**

# प्राक्कथन

समुदायमा आधारित बाढी तथा हिमताल विष्फोटन जोखिम न्यूनीकरण आयोजना नेपाल सरकारको उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय अन्तरगतको जल तथा मौसम विज्ञान विभाग, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) तथा अतिकम विकसित राष्ट्रहरूको लागि कोष (एलडीसीएफ)/विश्व वातावरणीय सहुलियत (जीईएफ) को संयुक्त तत्वावधानमा सञ्चालित आयोजना हो । यस आयोजनाले नेपालको सबैभन्दा नाजुक अवस्थामा रहेको खम्बु क्षेत्रको इम्जा हिमताल विस्फोटनको आसन्न त्रासलाई न्यूनीकरण गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । साथै यसले नेपालको तराईका सबैभन्दा अतिसंवेदनशील चार जिल्लाहरूमा बारम्बार आइरहने बाढीको खतरा सामना गर्न समुदायको क्षमता अभिवृद्धि काममा सहयोग गरेको छ ।

कार्यान्वयनको समयमा आयोजनाले समुदायसँग मिलेर प्रकोपजन्य जोखिमका प्रभावहरू, जोखिमबाट बच्न गरिने पूर्व तयारी तथा जोखिम न्यूनीकरणका लागि क्षमता अभिवृद्धि गर्ने जस्ता विषयमा व्यापक अनुभव र ज्ञान संगालेको छ । आयोजनाले यस्ता केही मुख्य सिकाइहरूको राम्ररी अभिलेखन गरी सरोकारवालाहरूलाई त्यसको बारेमा सुसूचित गरेको छ ।

यसै सन्दर्भमा जलवायु परिवर्तन तथा वातावरणको हाम्रो जीवनमा पर्ने प्रभाव तथा त्यसलाई न्यूनीकरण गर्ने उपायहरूका बारेमा माध्यमिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूलाई बुझाउन सघाउने केही शैक्षिक सामग्री तयार पार्ने लक्ष्य रहेको थियो ।

तदनुरूप आयोजनाले हाल माध्यमिक तहका विद्यालयमा अध्ययन गरिरहेका बालबालिकाहरूका लागि सरल रूपमा वातावरणका विविध पक्ष र जलवायु परिवर्तनका असरहरूका बारेमा शिक्षित गर्ने उद्देश्यले विभिन्न पाँच भागमा कथाहरूको संग्रह प्रकाशित गरेको छ ।

यी कथाहरूले बालबालिकाहरूलाई जीव, जलवायु र वातावरणको अन्तर सम्बन्धको बारेमा सोच्न प्रोत्साहित गर्ने छ र भविष्यको लागि वातावरण जोगाउन प्रेरणा दिने छ भन्ने हाम्रो विश्वास छ ।


यी कथाहरू तयार पार्न तथा पुस्तकहरू छाप्न र वितरण गर्न अथक सहयोग पुऱ्याएकोमा बालवाङ्मय तथा अनुसन्धान केन्द्र (सीएलआरसी) लाई हामी सहृदय धन्यवाद दिन्छौं ।

डा. ऋषिराम शर्मा
महानिर्देशक
जल तथा मौसम विज्ञान विभाग
उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय

विजय प्रसाद सिंह
सहायक राष्ट्रिय निर्देशक
संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम
(यु.एन.डी.पी.), नेपाल

# विषय सूची


| | |
|---|---|
| लिटिल डायनो | १ |
| अर्ग्यानिक गाउँ | ७ |
| गुलेली बाजे | १४ |
| चराहरूको गुनासो | १९ |
| गिद्ध रेष्टूराँ | २४ |
| परिशिष्ट | |
| १. पृथ्वीका संसाधन र तिनको संरक्षण | ३० |
| २. पारिभाषिक शब्दावली | ३३ |



# लिटिल डायनो

फन सिटी मनोरञ्जन पार्कहरूका लागि प्रख्यात थियो । विभिन्न उमेर समूहका लागि भिन्नभिन्नै पार्क थिए । बालबालिकाका लागि चिल्ड्रेन्स पार्क । वृद्धवृद्धाका लागि सिनियर्स पार्क । युवायुवतीका लागि लभर्स पार्क । अनि सबैका लागि एउटा साझा पार्क थियो जसलाई फन पार्क भनिन्थ्यो ।

केटाकेटीहरूको आकर्षण कि त चिल्ड्रेन्स पार्क थियो कि फन पार्क । चिल्ड्रेन्स पार्कको म्याजिक कर्नरसँगै डाइनासोर कक्ष थियो । त्यहाँ थरिथरिका डाइनासोर थिए । यहाँ केटाकेटीहरू झुम्मिन्थे । डाइनासोरमा चढेर पार्कमा घुम्नु उनीहरूको मुख्य आकर्षण थियो ।

डब्बुको परिवार चिल्ड्रेन पार्क नजिकैको बस्तीमा बस्थ्यो । डब्बुकै रहरले उसको परिवार त्यस वस्तीमा सरेको थियो । छुट्टी भयो कि ऊ चिल्ड्रेन्स पार्क र फन पार्कमा जान्थ्यो । फन पार्कमा जाँदा ऊ हजुरबा हजुरआमासँग जान्थ्यो ।

चिल्ड्रेन पार्कको डाइनासोर खण्डमा किसिम किसिमका डाइनासोर थिए । कुनै डाइनासोर बिरालो जत्रा थिए भने कुनै हात्तीभन्दा धेरै अग्ला थिए । कुनैको पुच्छर र घाँटी धेरै लामा थिए । कुनैका पखेटा पनि थिए ।

कुनै डाइनासोरले बेलाबेलामा हावामा आगाका लप्का निकाल्थे । कुनैले फुस्स फुस्स आवाजसँग पानीका छिटा हावामा छर्थे । कुनै डाइनासोर ठूलो स्वरले कराउँथे । कुनैले लगातार पखेटा र पुच्छर चलाइरहन्थे । त्यहाँ भएका सबैजसो डाइनासोरमा यन्त्र जडान गरिएको थियो ।

डब्बुलाई मन पर्ने एउटा सानो डाइनासोर थियो । सानो भने पनि त्यो डब्बुभन्दा धेरै ठूलो थियो । त्यसको नाम लिटिल डायनो थियो । पार्कमा गएको बेलामा उसलाई लिटिल डायनोसँग नभेटी चित्त बुझ्दैनथ्यो । लिटिल डायनोको जिउभित्र रोबोट जडान गरिएको थियो ।



रोबोटयुक्त डाइनासोर भएकोले उसले धेरै काम गर्न सक्थ्यो । मानिसका प्रश्नको जवाफ पनि दिन्थ्यो । उसको निधारमा सेन्सर र आँखामा क्यामेरा थियो । नयाँ मानिस भेट्ने बित्तिकै क्लिक गरेर फोटो खिच्थ्यो र नाम सोध्थ्यो, “नमस्ते । तपाईंको नाम के हो ?”

डब्बुले कहिलेकाहीँ जिस्किएर उसलाई मेरो नाम सब्बु हो भन्थ्यो । तर उसले भन्थ्यो, “हैन । तपाईंको नाम डब्बु हो ।”

भेटेजति मानिसको फोटो र स्वर उसको मेमोरीमा रिकर्ड भएर बस्थ्यो । दोहोऱ्याएर पार्कमा आउने हरेकलाई डायनोले चिन्थ्यो ।


डायनो र डब्बु दुई जना मात्रै भएको बेलामा डायनोले डब्बुलाई आफ्नो

पुर्खाको कथा सुनाउँदै भन्थ्यो, 'लाखौँ वर्षअघि यो पृथ्वीमा हाम्रो राज्य थियो । त्यसबेला मानिसको सृष्टि नै भएको थिएन । जतातत्तै हामी नै थियौँ ।'

डब्बुलाई डायनोको कथा सुन्न मन पर्थ्यो । उसलाई अहिले साँच्चैका जीवित डाइनासोर किन पाइँदैनन् भन्ने जान्न मन थियो । एक दिन उसले सोध्यो, "पृथ्वीभरि फैलिएको तिम्रो जाति कसरी अचानक लोप भएको होला ?"

डब्बुको प्रश्न सुनेर त्यहाँ जम्मा भएका अरू केटाकेटी पनि सजग भए । उनीहरू सबै जना डाइनासोरको जवाफ सुन्न आतुर देखिन्थे ।

"वास्तवमा तिम्रो प्रश्न यो पृथ्वीमा बस्ने सबै प्राणीसँग सम्बन्धित छ ।" रोबोट डाइनासोरले आफ्ना चम्किला आँखा तन्कायो । अनि अनुहार हँसिलो पार्दै भन्यो, "सबै प्राणीको जीवन पृथ्वीसँग जोडिएको छ । हाम्रो पुर्खाजस्तै अरू जीवजन्तु पनि कुनै दिन पृथ्वीबाट लोप भएर जाने छन् । यो कुरा बुझ्न पृथ्वीको उत्पत्ति र यहाँ जीवनको विकास कसरी भयो भन्ने जान्नु जरुरी छ । सुन्ने त पृथ्वीको जन्मको कुरा ?"



सबैले एकै स्वरले 'सुन्ने !' भनेर चिच्याए ।

डायनोले आफ्नो स्वरको भोलुम बढायो । भन्न थाल्यो, "पृथ्वीलाई धेरैले सूर्यबाट चोइटिएर बनेको भनी मानेका छन् । यो सूर्यको वरिपरि घुम्ने एउटा ग्रह हो । पृथ्वीसमेत गरी आठवटा ग्रह छन् । सूर्यको एउटा टुक्रा भएकोले पृथ्वी सुरुमा सूर्यजस्तै तातो थियो । पछि यो विस्तारै चिसो हुँदै गयो । चिसो हुने मेसोमा यो खुम्चिँदै पनि गयो । खुम्चिएर गहिरा खाडलहरू बने । पृथ्वी चिसिने क्रममा ग्यासहरू पानी बने । पानी बाफिएर बादल बने । बादलबाट वर्षा भयो । हजारौँ वर्षसम्म पृथ्वीमा परेको पानी

तातेर वर्षा भइरह्यो । वर्षाको पानीले खाडलहरू भरिएर समुद्र बने । महासागर बने । अनि उठेका भाग लेक, बेसी र पहाडहरू बने ।"

"त्यसैले पृथ्वीमा गहिरा समुद्रहरू बनेका रहेछन् । पृथ्वीमा तीन भाग पानी एक भाग मात्र जमिन छ हैन त ?" डब्बुसँगै उभिएर डाइनासोरको कुरा सुनिरहेकी डिम्पलले भनी । "यो त भयो सतहको कुरा । अनि यसको भित्र के छ होला ?"



डायनोले आफ्नो मेमोरीमा रेकर्ड भएको कुरा भन्न थाल्यो, "चराको फुलको तीन तह भएजस्तै पृथ्वीको पनि तीन तह वा पत्र छ । बाहिर फुलको बोक्राजस्तै साह्रो पत्र छ । त्यसभित्र फुलको सेतो भागजस्तै तातो तरल पत्र छ अनि बीचमा फुलको पहेँलो भागजस्तै अति तातो पत्र छ ।"

"पृथ्वीको उत्पत्ति र यसको बनोट त अचम्मकै रहेछ । यस्तो तातो पृथ्वीमा मानिस र अरू जीवजन्तु कसरी जन्मे होलान् । कसरी यहाँ बस्न सकेका होलान् ?" डब्बुले अचम्म मान्दै सोध्यो ।

लिटिल डायनोले मुन्टो तन्कायो । एकपटक फेरि सबै केटाकेटीका अनुहारमा हेर्‍यो । अनि अगाडिका दुवै हात फैलाउँदै भन्न थाल्यो, "पृथ्वीको वरिपरि हावा छ । यसलाई वायुमण्डल भनिन्छ । वायुमण्डलमा नाइट्रोजन, अक्सिजन, हाइड्रोजन, कार्बन डाइअक्साइड आदि विभिन्न ग्यास छन् । ती ग्यासहरू मिलेर पानी बन्छ । वनस्पतिलाई चाहिने खाना कार्बन डाइअक्साइडबाट बन्छ । सबै जीवजन्तु र रुख बिरुवा बाँच्नका लागि अक्सिजन नभई हुँदैन । पृथ्वीको वायुमण्डलमा भएका ग्यास, पानी र यहाँको तापक्रम अनुकूल भएर यहाँ जीवको उत्पत्ति र विकास भएको हो ।"

"अरू ग्रहमा पनि जीवजन्तु र मानिस छन् कि ?" डिम्पलले जिज्ञासा प्रकट गरी ।

"अरू ग्रहमा पृथ्वीको जस्तो वायुमण्डल र ताप छैन । त्यसैले अरू ग्रहमा जीवनको विकास भएको छैन ।"

"ओहो ! हामी त धेरै भाग्यमानी रहेछौँ । पृथ्वीमा जीवनको विकास नभएको भए हामी कहाँ हुन्थ्यौँ कहाँ !" डब्बुले हाँस्दै भन्यो । "अनि तिम्रा पुर्खा डाइनासोरहरू कसरी लोप भए भन्ने कुरा त अझै आएन नि ? उनीहरू अक्सिजन नपाएर धरतीबाट बिलाएका हुन् त ?"



"मैले जानेका सबै कुरा भनिहाल्छु नि । सुन्दै जाऊ न," डायनोले भन्यो । "आजभन्दा सन्ताउन्न करोड वर्षअघि पृथ्वीमा जीवको विकास सुरु भएको हो । सुरुमा झण्डै साढे दस करोड वर्षसम्म त समुद्रको पानीमा बस्ने जीवहरू मात्र थिए । त्यसपछि पानी र जमिनमा बस्ने, अनि जमिनमा घस्रने जन्तुहरूको विकास भयो । जसलाई रेप्टाइल्स भनिन्छ । हामी डाइनासोर पनि रेप्टाइल्स नै हौँ । तर हाम्रा पुर्खा डाइनासोरहरूले पृथ्वीको बदलिँदो वातावरणमा आफूलाई अनुकूलित गर्न सकेनन् । पृथ्वी चिसो हुँदै जाँदा कतिपय ठाउँ हिउँले ढाकिए । अनि न्यानोमा हुर्केका हाम्रा डाइनासोर पुर्खाहरू लोप भएर गए । तर रेप्टाइल्स जीवका विभिन्न जातिहरू अझै पनि छन् ।"

"हामी मानिसहरू कहिलेदेखि यो पृथ्वीमा छौँ ? त्यो पनि भन न," डब्बुले सोध्यो ।

"स्तनधारी अर्थात् म्यामल्स जीवहरू छ करोड पचास लाख वर्षअघि उत्पन्न भएका हुन् । तिमी मानिसहरू पनि म्यामल्स समुदायका हौ । मानव जातिको विकास भएको दस लाख वर्ष पहिलेदेखि हो । अरू जीवको तुलनामा मानिसको विकास भएको धेरै भएको छैन ।

तर मानिसमा बुद्धिको विकास भएको हुँदा थोरै समयमा नै उसले आफूलाई धेरै परिवर्तन गरेको छ ।"

डायनोको कुरा सुनेर डब्बु र डिम्पल दुवै मख्ख परे । डब्बुले भन्यो, "बुद्धि भएको भए त डाइनासोरहरू अझै पनि बाँच्थे होला हगि ?"

"अहिले साँच्चैको डाइनासोर भएको भए त हामीलाई खाइहाल्थ्यो होला !" डिम्पलले हतारिँदै भनिन् ।

"बुद्धि भएर के गर्ने ! मानिसले आफ्नो विनाशको खाल्टो आफै खन्दै छ," डायनोले घाँटी उचाल्दै भन्यो ।

"कसरी ? कसरी ?" डब्बु र डिम्पल दुवैले एकैचोटि सोधे ।

"मानिसले आफ्नो सुख सुविधाको लागि वनजङ्गल मास्दै छ । जमिनभित्रबाट कोइला, पेट्रोल, ग्यास निकालेर जलाउँदै छ । यसले गर्दा पृथ्वीको वायुमण्डलमा खराब ग्यासहरू बढ्दै छ । पृथ्वीको वायुमण्डल तात्दै छ । हिउँ पग्लँदै छ । खोलानालाको पानी घट्दै छ," डायनोले भन्यो । "यदि यस्तै गरी पृथ्वीको वातावरण बिग्रँदै गयो भने यहाँ मानिसमात्रै हैन अरू प्राणी पनि बाँच्न सक्ने छैनन् ।"

"ओहो ! तिमीले त बडो डरलाग्दो कुरा सुनायौ त," डिम्पलले भनी ।

डब्बु, डिम्पल र भेला भएका सबै केटाकेटीले मुखामुख गरे ।

"अँ.. । यसबाट जोगिने उपाय होला नि," डिम्पलले हडबडाएको आवाजको सोधी ।

"छ, किन नहुनु । मुख्य कुरा वातावरणको संरक्षण गर्नु पर्‍यो । वनजङ्गल जोगाउनु पर्‍यो । बिजुली, ग्यास, इन्धनजस्ता ऊर्जाको प्रयोग कम गर्नु पर्‍यो । रेफ्रिजेरेटर, बडी स्प्रे जस्ता हानिकारक ग्यास उत्पन्न गर्ने उपकरणको प्रयोग घटाउनु पर्‍यो । अनि यो चेतनामूलक कुरा राम्रो लागे सबैलाई भन्नु पर्‍यो । यी काम गर्न सक्छौ ?" डायनोले गम्भीर हुँदै भन्यो ।

डब्बु, डिम्पल र सबै केटाकेटीले ताली बजाएर डायनोको कुरा मन परेको जनाउ दिए । डब्बुले भन्यो, "लिटिल डायनो, तिमीलाई धेरै धन्यवाद । हामीले तिमीलाई रमाइलो गर्ने रोबोट मात्रै ठानेका थियौँ । तर तिमी त हाम्रा गुरु पनि रहेछौ ।"

"प्यारो डायनो, हामी यो कुरा सबैलाई सुनाउँछौँ । तिमीले भनेको कुरा लागू गर्न लगाउँछौँ । तिमीलाई धेरै धन्यवाद !"

# अर्ग्यानिक गाउँ

एउटा कौवा उड्दै आएर रुखको हाँगामा बस्यो । त्यसले मुखमा मरेको मुसा च्यापेको थियो । हाँगामाथि बसेर उसले मुसा खान थाल्यो । एक छिनमा मुसा खाएर सिध्यायो । अनि खुसी भएर का का गर्दै उडेर अर्को रुखमा जान खोज्यो । तर अलिकति उड्ने बित्तिकै ऊ भुइँमा खस्यो । ऊ भुइँमा पल्टेर छट्पटाउन थाल्यो । हेर्दाहेर्दै कौवा मऱ्यो ।

दमयन्ती र उनका साथीहरूले यो दृश्य हेरिरहेका थिए । साथी सलोजाले भनिन्, “विष खाएर मरेको मुसा खायो होला अनि मऱ्यो ।”

सलोजाको कुरा सुनेर दमयन्तीको अनुहार मलिन भयो । उनले सोची विष खाएर मरेको मुसा खाँदा कौवा मऱ्यो भने विष हालेको तरकारी फलफूल खाँदा कति मानिस मर्छन् होला ! उनले ओछ्यानमा परेकी आफ्नी आमालाई सम्झिन् । उनकी आमा छ महिनादेखि क्यान्सर रोग लागेर ओछ्यानमा परेकी थिइन् ।



"दमयन्ती, किन टोलाएकी ? के भयो ?" सुमित्राले सोधिन् ।

"केही होइन । आमालाई औषधी ख्वाउने बेला भयो । म घर गएँ है," भन्दै उनी अचानक घरतिर लागिन् ।

दमयन्ती काभ्रेको दुईबिसे गाउँमा बस्थिन् । काभ्रे जिल्ला काठमाडौं उपत्यकासँग जोडिएको छ । कुनै बेला काठमाडौंमा सबैभन्दा धेरै तरकारी र फलफूल पठाउने जिल्ला यही थियो । दुईबिसे गाउँ तरकारीको लागि नामी थियो । मानिसहरू भन्थे दुईबिसे गाउँका मानिसहरू ट्रकमा तरकारी पठाउँछन्, बोरामा पैसा थन्क्याउँछन् ।

पहिले त्यो गाउँमा चालिस घर भएकोले दुईबिसे गाउँ भनिएको रहेछ । तर अहिले चालिसभन्दा धेरै घर भइसकेका थिए । गाउँमुनि फराकिलो र मलिलो खेतको ठूलो फाँट थियो । फाँटलाई पनि दुईबिसे फाँट नै भनिन्थ्यो । गाउँ र फाँटका बीचमा चौडा मोटरबाटो थियो ।

अरू गाउँका मानिसहरू खेतमा धान, गहुँ, मकै, तोरी उमार्थे भने दुईबिसे गाउँका मानिसहरूले धान मकैको सट्टा तरकारी र फलफूल खेती गर्थे । राजधानीका तरकारी व्यापारीहरू ट्रक लिएर तरकारी किन्न दुईबिसे गाउँमा पुग्थे ।

दुईबिसे गाउँ तरकारीको लागि मात्रै हैन दूध, दही, खुवा र घ्युका लागि पनि नामी थियो । सबै घरमा भैँसी पालेका थिए । गोठको मलले खेत मलिलो हुन्थ्यो । यहाँ बनेको घ्यु र खुवा काठमाडौँका नामी मिठाइ पसलहरूमा पुग्थ्यो । दूधले मोटर बाटो छेउका होटलहरूमा चिया र खिर पाक्थ्यो । मोटरमा हिँड्नेहरू दुईबिसे गाउँ आइपुगेपछि एकछिन रोकिन्थे । कोही खिर खान्थे, कोही दही खान्थे । कोही बाक्लो दूधले बनेको चिया खाएर जान्थे ।

दुईबिसे गाउँका केही किसानहरू आफ्नो आम्दानीबाट सन्तुष्ट थिएनन् । उनीहरू अझै धेरै तरकारी फलाएर धेरै पैसा कमाउन चाहन्थे । उनीहरू यसको उपाय खोजिरहेका थिए । केही किसानले रासायनिक मलको बारेमा थाहा पाए । उनीहरूले खेतमा कृत्रिम रासायनिक मल राख्न थाले । उत्पादन ह्वात्तै बढ्यो । उनीहरूको देखासिकी गर्दै अरू किसानले पनि खेतमा रासायनिक मल राख्न थाले ।

रासायनिक मल प्रयोग गर्न थालेपछि मलको लागि भैँसी पाल्नु परेन । गाउँलेहरूले बिस्तारै भैँसी पाल्न छाडे । किसानहरू झन झन रासायनिक मलमाथि भर पर्न थाले ।

एक दुई वर्ष त बम्फस्याल उत्पादन भयो । तर तेस्रो वर्षमा तरकारीमा लाई कीरा लाग्यो । कीराको प्रकोप बढेपछि कृषि कार्यालयका प्राविधिक आएर हेरे । प्राविधिकले कीरा मार्न विषादी छर्कने सुझाव दियो । कीरा नियन्त्रण भयो । तरकारी पनि राम्रो भयो । त्यो वर्ष उत्पादन घटेन ।



अर्को वर्षदेखि उत्पादन घट्न थाल्यो । कीराको प्रकोप पनि बढ्न थाल्यो । बालीमा नयाँ नयाँ खालका रोग लाग्न थाले । किसानहरूले पनि प्राविधिकको सल्लाहमा नयाँ नयाँ विषादीहरू प्रयोग गर्न थाले । उत्पादन घट्न नदिनको लागि पहिलेभन्दा धेरै रासायनिक मल राख्न थाले ।

किसानहरू आफैले रासायनिक मल र विषादी छर्थे । विषादीको प्रभाव तरकारी र फलफूलमा पर्ने नै भयो । तर ती फलफूल र तरकारी बजारमा बेचिने हुनाले किसानले वास्ता गरेनन् । तर विषादी छर्ने काम किसानहरूले जानी नजानी आफैले गर्ने हुनाले उनीहरूको शरीरमा विषादीको प्रभाव पर्न थाल्यो ।

विषादीको प्रभावले किसानहरूको शरीरमा विभिन्न किसिमका रोग लाग्न थाल्यो । खासगरी क्यान्सरजस्तो घातक रोग लाग्न थाल्यो । हावाबाट फोक्सोमा विषादी जाने हुनाले फोक्सोको क्यान्सरले मानिसहरू मर्न थाले । एउटै परिवारका एक जनाभन्दा धेरै मानिसलाई क्यान्सर रोग लाग्न थाल्यो ।

दमयन्ती घरमा पुग्दा उनकी आमा पानी पानी भन्दै छटपटाइरहेकी थिइन् । उनका बुवा बिहानै काममा निस्केका थिए । घरमा अरू कोही थिएन । दमयन्ती सकी नसकी त्यही गाउँमा बस्थिन् र कक्षा आठमा पढ्थिन् । घरको काम सबै आफैले गर्नुपर्थ्यो । कहिलेकाहीँ

साथी शर्मिलाले सघाउँथिन् । कामको बोझले गर्दा उनी नियमित रूपमा स्कुल जान पनि छाडेकी थिइन् ।

आखिर एक दिन दमयन्तीकी आमा पनि संसार छाडेर गइन् । दमयन्ती एक्ली भइन् ।

दमयन्तीजस्ता टुहुरा गाउँमा धेरै थिए । धेरैजसोका आमा वा बाबु क्यान्सरले बितेका थिए । सिङ्गो गाउँ क्यान्सरले आतङ्कित थियो ।

दमयन्ती आमालाई सम्झँदै घरको पेटीमा बसेर टोलाइरहेकी थिइन् स्कुलका साथीहरू भेट्न आउने खबर पाएर उनी साथीहरूको बाटो हेर्दै थिइन् । एकैछिनमा साथीहरू आइपुगे । दमयन्तीको उदास अनुहार देखेर साथीहरू एक छिन बोल्नै सकेनन् । दमयन्ती र साथीहरूको आँखा आँसुले डबडबाए । माधुरी, शर्मिला र तपस्याले दमयन्तीलाई अँगालो हालेर सुक्सुकाउँदै आँसु पुछे ।

"दमयन्ती ! जे हुनु भै नै हाल्यो । आमा नहुनु भए पनि हामी छौँ । हामी पालैपालो आएर तिमीलाई सघाउँछौँ ।"

साथीको कुरा सुनेर दमयन्तीले आफूलाई थाम्न सकिनन् । उनी डाँको छाडेर रोइन् ।

उनको रुवाइ केही मत्थर भएपछि रविले भने, "अञ्जानवश भएको गल्तीले अहिले हाम्रो सिङ्गो गाउँलाई पीडित बनाएको छ । यस्तो दुःखमा पर्ने साथी धेरै भइसके । यसैले हामीले यसबारेमा हाम्रो स्कुलमा कुरा राख्यौँ । हेड सरले कृषिविज्ञसँग सल्लाह माग्नु भयो । उहाँकै सल्लाहअनुसार हामीले स्कुलमा वातावरण क्लब खोलेका छौँ । हामी सबै जना क्लबका सदस्य छौँ । दमयन्तीलाई पनि सदस्य बनाएका छौँ ।"

"हो दमयन्ती, कृषिविज्ञले विश्वविद्यालयमा पढाउनु हुने रहेछ । आउने शनिबार स्कुलमा उहाँ आउनु हुने भएको छ । यसैले गाउँमा सबै मानिसहरूलाई स्कुलमा बोलाएर उहाँको कुरा सुन्नु सुनाउनु परेको छ । हामी पनि आफ्नो कुरा राखौँ," तपस्याले भनिन् ।

"अरूले सोचेभैंm हाम्रो गाउँ अझै त्यति धेरै बिग्रिसकेको छैन । विज्ञान सर भन्नहुन्छ, यहाँको खेतीपाती सुधार्ने अवसर अझै छ," माधुरीले भनिन् ।

त्यहीबेला मृदुला दिदी पनि आई पुगिन् । पिँढीमा ओछ्याएको गुन्द्रीमा बस्दै उनले भनिन्, "कुनै बेला यो गाउँको कति इज्जत थियो । सबैले मिहिनेती किसानहरूको गाउँ भनेर चिन्थ्यो । तरकारीले ट्रक भर्ने अनि पैसाले बोरा भर्ने गाउँ भन्थे ।"

"त्यही त नानीबाबु हो ! लोभले लाभ, लाभले विलाप भन्छन् । आज त्यस्तै भयो हाम्रो गाउँमा," भित्र अगेनुमा खाजा बनाइरहेका दमयन्तीका बाबुले उनीहरूको कुरा सुनिरहेका थिए । बाहिर निस्कँदै उनले भने । "आखिर गल्तीको सजायँ नदिई किन छाड्थ्यो र प्रकृतिले । जानेर गरेको भए पनि अन्जानमा गरेको भए पनि सजाय त भोग्नै पर्दो रहेछ !"

"जानेर, नजानेर जे जे भयो भयो काका । अब पछुताएर के गर्ने !" वातावरण क्लबकी संरक्षक मृदुलाले भनिन् । "तर अब फेरि यस्तो घटना दोहोरिन दिनु हुन्न । यसबाट सचेत हुने सन्देश फैलाउनु पर्छ । यसैको लागि वातावरण क्लब बनेको हो । आउने शनिबार स्कुलमा कृषिविज्ञसँग छलफल कार्यक्रम राखिएको छ । काका पनि अवश्य आउनु होला ।"

शनिबारको दिन दिउँसो स्कुलमा छलफल कार्यक्रम सुरु भयो । झन्डै तीस जना किसान भेला भएका थिए । वातावरण क्लबका विद्यार्थी र केही शिक्षक पनि सहभागी थिए ।

सबैले आआफ्नो परिचय दिएपछि कार्यक्रम सुरु भयो । सुरुमा हेड सरले भन्नुभयो, "दुईबिसे गाउँका मानिसहरूलाई एकातिर क्यान्सर रोगले सताएको छ भने अर्कोतिर माटो ले उत्पादन गर्न छाडेको छ । अचेल जति मल राखे पनि उब्जनी बढ्दैन । यसबारे कुरा गर्न कृषिविज्ञ शालिकरामजी हामीमाझ हुनुहुन्छ । त्यसो त मैले उहाँलाई सबै कुरा भनिसकेको छु । तैपनि तपाईंहरूको मनमा लागेका कुराहरू उहाँसँग धक नमानी सोध्नुहुन अनुरोध छ ।"

त्यसपछि कृषिविज्ञ शालिकरामले भित्तामा झुन्ड्याएका चित्रहरू देखाउँदै भन्न थाल्नु भयो, "बोट बिरुवा हुर्कन र फल्नका लागि पोषक तत्व चाहिन्छ । माटोमा बिरुवालाई चाहिने १७ प्रकारका पोषक तत्व हुनुपर्छ । तीमध्ये मुख्य पोषक तत्व हुन् : नाइट्रोजन, पोटासियम, फोस्फोरस, म्याग्नेसियम, बोरोन, कपर, जिङ्क आदि ।"

"पोषक तत्वहरू माटोमा हुन्छ कि बाहिरबाट राख्नु पर्छ सर ?" रविले सोधे ।

"माटोमा मल हाल्नु भनेको नै पोषकतत्व बढाउनु हो । गाई भैंसी र जनावरको मल, घाँस, पराल, फलफूल र तरकारीका बोक्रा, घाँसपात कुहाए मल बन्छ । त्यस्तो मलमा बिरुवालाई चाहिने पोषक तत्व हुन्छन् ।"

"मलबाट रुख बिरुवाले सोझै खानेकुरा लिन्छन् सर ?" माधुरीले सोधिन् ।

"माटोभित्र गँड्यौला र विभिन्न प्रकारका सूक्ष्म जीवाणु हुन्छन् । गँड्यौला र अन्य कीराहरूले माटोलाई खुकुलो पार्छ । कुहेका बस्तु खाएर त्यसलाई मलमा परिणत गर्छ । यसरी गँड्यौलाले धेरै तरिकाले माटोलाई मलिलो बनाउँछ । माटो खुकुलो भएपछि त्यसभित्र हावा र पानी सजिलैसँग आउन जान सक्छ । अनि सूक्ष्म जीवहरू पनि बढ्न पाउँछन् । माटो खुकुलो, बुर्बराउँदो र बिरुवाले सजिलैसँग पोषक तत्व लिन सक्ने बन्छ," शालिकराम सरले भन्नुभयो ।

"माटोमा रासायनिक मल राखेर उत्पादन झन बढ्छ भन्छ । त्यही भनेर हामीले युरिया अनेक नामका मल किनेर खेतमा राख्यौँ । पहिले त उत्पादन निक्कै बढ्यो । तर अहिले स्वात्तै घटेको छ । यसको कारण के होला सर ?" दमयन्तीका बुवाले सोधे ।

“हो, माटोमा हुनु पर्ने पोषक तत्व कम भयो भने माटोमा रासायनिक मल राखिन्छ। त्यसमा अघि मैले भनेको नाइट्रोजन, फोस्फोरसजस्ता पदार्थ पर्छन्। यसले उत्पादन बढाए पनि माटोलाई मार्छ,” सरले भन्नुभयो। “रासायनिक मल राखेपछि माटोमा हुने सूक्ष्म जीवाणुहरूले खानेकुरा पाउँदैन र तिनहरूको सङ्ख्या घट्दै जान्छ। माटोमा सूक्ष्म जीवणुको सङ्ख्या कम भएपछि बोट बिरुवाले पोषकतत्व लिन सक्तैन। फलस्वरूप उत्पादनको गुणस्तर घट्छ। उत्पादन कम हुन्छ। रोग लाग्ने सम्भावना बढ्छ। अर्को महत्वपूर्ण कुरा रासायनिक मलको प्रयोग गर्दै जाँदा माटोमा अम्लीयपन बढ्छ। अम्लीयपन बढेपछि बिरुवाले माटोमा भएको पोषकतत्व लिन
सक्तैन। जति धेरै मल राखे पनि त्यसको प्रभाव पर्दैन। उत्पादन बढ्दैन।”

“त्यसैले रहेछ हाम्रो खेतबारीमा जति मल राखे पनि उत्पादन कम हुँदै गएको,” दमयन्तीका बुवाले भने। “अब कसरी फेरि माटोलाई पहिलेजस्तै बनाउने ? यसको उपाय छ सर ?”



"अवश्य छ । माटोमा अम्लीयपन घटाएर सामान्य अवस्थामा ल्याउनु पर्छ । यसको लागि गोठेमल अर्थात् गोबर, फलफूलको बोक्रा, तरकारीको बाँकी भाग, सुकेका पात र हाँगाजस्ता जैविक वस्तुले बनेको अर्ग्यानिक मल माटोमा मिसाउनु पर्छ," सरले भन्नुभयो । "अर्ग्यानिक मलले माटोमा अम्लीयपन घटाउँछ र माटोमा भएको पोषक तत्व लिने बिरुवाको क्षमता बढाउँछ । मुख्य कुरा के हो भने रासायनिक मलले सूक्ष्म जीवाणुहरूको सहयोग बिना सिधै बिरुवालाई पोषक तत्व दिन्छ भने अर्ग्यानिक वा जैविक मलले सूक्ष्म जीवहरूलाई सक्रिय पार्छ र तिनीहरूमार्फत बिरुवालाई पोषक तत्व दिन्छ ।"

"रासायनिक मलले बिगारेको माटोलाई सपार्न कति समय लाग्छ सर ?" मृदुलाले सोधिन् ।

"गोठेमल राखेर माटो सुधार्न सकिन्छ । यसको लागि सूक्ष्म जीवाणुहरूलाई जगाउनु र सक्रिय पार्नुपर्छ । यसरी सूक्ष्म जीवाणुलाई सक्रिय पारेर माटोलाई पहिलेको अवस्थामा ल्याउन तीन वर्षजति लाग्छ," सरले भन्नुभयो ।


शालिकराम सरको कुरा सुनेपछि गाउँलेहरूले भने, "हामी सबै मिलेर अब रासायनिक मल गाउँमा भित्रिन दिन्नौँ । बरु तीन चार वर्ष दुःख सहन्छौँ । तर यो रोगलाई कसरी हटाउन सकिएला ?"

शालिकराम सरले गम्भीर हुँदै भन्नुभयो, "खानेकुरामा विष मिसाउनु ठूलो अपराध हो । तरकारी र फलफूललाई कीराबाट जोगाउन जुन कडा विष मिसाउनु हुन्छ त्यसले त्यो खानेकुरा खानेहरू त बिरामी हुन्छन् नै तपाईंहरू जसले विषादी छर्कनु भयो आफै बिरामी हुनुभयो । शरीरभित्र घुसिसकेको विषलाई अब निकाल्न सकिन्न । तर अबदेखि यस्तो अपराध नगर्ने सङ्कल्प गरेर भविष्यका सन्तानलाई जोगाउन सक्छौँ ।"

सरको कुरा सुनेर गाउँलेहरूले आपसमा मुखमुख गरे । उनीहरूको अनुहारमा लाचारी र पश्चातापको भाव झल्कन्थ्यो ।

"अत्यधिक विषादी प्रयोगले गर्दा हाम्रो गाउँको हावापानी र वातावरण नै बिरामी भएको छ । अब हामी वातावरण क्लबमार्फत माटो सुधार्ने र विषादी प्रयोग बन्द गर्ने अर्ग्यानिक अभियान थाल्छौँ सर !" रविले भने ।

रविको कुरालाई समर्थन गर्दै मृदुला, माधुरी, शर्मिला, तपस्या र दमयन्तीले एकैचोटि चिच्याए, "हामी हाम्रो गाउँलाई अर्ग्यानिक गाउँ बनाउँछौँ ।"



# गुलेली बाजे

मोहना नदीको किनारैमा रहेको कैलालीको थापापुर गाउँमा आज चहलपहल छ। गाउँलेहरू विदेशी पाहुनाहरूको स्वागत गर्ने तयारीमा लागेका छन्। युरोपमा डल्फिनको अध्ययन गर्ने स्कुलका शिक्षक र विद्यार्थीहरू गाउँमा आएका छन्।

उनीहरू नेपालको प्रसिद्ध सौँस केन्द्र अर्थात् डल्फिन सेन्टरमा अध्ययनका लागि आइपुगेका छन्। काठमाडौँको डल्फिन गेष्ट हाउसबाट हिजो साँझ यो समूह थापापुर आइपुगेको हो। बालकदेखि वृद्धसम्म पाहुनाको स्वागतमा विभिन्न काममा खटिएका छन्।

आज सबैभन्दा खुसी छन् गुलेली बाजे। खासमा उनको नाम भोजराज श्रेष्ठ हो। तर उनी अहिले गुलेली बाजेको नामले चिनिएका छन्। गाउँलाई गुलेलीमुक्त बनाएकोले उनलाई गाउँलेहरूले गुलेली बाजे भन्न थालेका थिए।

कुनैबेला थापागाउँका केटाकेटीहरू चरा मार्न खुब मन पराउँथे । उनीहरूको हातमा गुलेली हुन्थ्यो । स्कुल जाँदा पनि झोलामा गुलेली हुन्थ्यो । चरा देख्यो कि उनीहरूले गुलेली हानिहाल्थे ।

भोजराज केटाकेटीलाई सम्झाउँदै भन्थे, “कीराले अन्न, फलफूल नोक्सान गर्छ । ती कीरालाई चराले खान्छ । यसैले चरा मार्न हुँदैन ।”

तर उनको कुरा केटाकेटीहरूले मान्दैनथे । उनीहरू झन् गुलेली लिएर हुल बाँधेर जङ्गलमा जान्थे र चरा मार्थे ।

केटाकेटीको यस्तो व्यवहारबाट भोजराज चिन्तित भए । उनले केटाकेटीलाई मायाले सम्झाउँदै, फकाउँदै गुलेली माग्न थाले । सम्झाउँदा नमान्नेलाई डर, त्रास देखाएर भए पनि उनले गुलेली फुत्काउन थाले । यसो गर्दागर्दै गुलेलीको रास बन्यो । चरा मार्ने क्रम घटेकोमा भोजराज खुसी थिए । त्यसैबेलादेखि उनी गुलेली बाजेको नामले चिनिन थाले ।

चरा संरक्षणको महत्व बुझेका गुलेली बाजेलाई नदीमा खेल्ने सौँसहरूको पनि चिन्ता थियो । गाउँलेहरू सौँसको तेलको औषधी हुन्छ भनेर लुकीछिपी सौँस मार्थे । गाउँमा कसैले सौँस मारेको थाहा पाए भने गुलेली बाजे उसको घरमै पुग्थे । सकेसम्म सम्झाउँथे । नमान्नेलाई प्रहरीमा उजुरी गरेर कारबाही गर्न लगाउँथे । यसैले गुलेली बाजेसँग गाउँलेहरू डराउँथे ।

तिनै गुलेली बाजे आज सौँस संरक्षण केन्द्रको सभाहलमा छन् । उनी डल्फिन स्कुलका शिक्षक र विद्यार्थीहरूलाई आफ्नो अनुभव सुनाउँदै छन् ।

गुलेली बाजे एकदिन मोहना नदीकिनारको बाटो कतै गइरहेका थिए । उनले त्यहाँ मानिसहरूको खलबल सुने । मानिसहरू ओहो धेरै दिनपछि यति ठूलो माछा समातेको कुरा गर्दै थिए । माछाको कुरा सुनेपछि गुलेली बाजे रोकिए ।

“बाफ रे यो माछा त बीस धार्नीभन्दा कम छैन होला । अब त जिल्लाबाट आउने पाहुना सौँसको स्वादिलो मासु पाएर पक्कै पनि हामीदेखि खुसी हुनेछन् !” गुलेली बाजेको कानमा यो आवाज परेपछि उनी झसङ्ग भए । उनी आवाज आएतिरै मोडिए ।

गुलेली बाजेलाई अलि पर देख्नासाथै मानिस हडबडाए । उनीहरूले गुलेली बाजेलाई चिनेका थिए । चरा त मार्न नदिने बाजेले सौँस मारेकोमा अब बाँकी राख्ने छैनन् भनेर तिनका मुटुमा ढ्याङ्ग्रो बज्न थाल्यो । तिनीहरू आपसमा खासखुस गर्न थाले । एकजनाले हतपत प्लास्टिकले सौँसलाई छोप्यो । अरू दुईजनाले आ-आफ्ना गम्छा ओढाएर सौँसलाई ढाकिदिए ।

गुलेली बाजेले उनीहरूसँग सोधे, “के हो के हुँदै छ यहाँ ?”

“केही नाइँ बाजे । सबकुछ ठीकठाक छ । हामीहरू बसिबियाँलो गरिरहेछु,” लालजन अघि सर्दै बोल्यो । ऊ अलि हडबडाएको देखिन्थ्यो ।

"आज जिल्लादेखि हमर नेताजी आउँदैछन् । हाकिम पनि आउने भनेछन् । यही बात करेको हामी । हामी उनीसँग के माग्ने ओही सल्लाह गर्दैछौं," मेवालालले थप्यो ।

"अनि माछा साछा ठीक गरेनौ त ?" गुलेली बाजेले सोधे ।

"माछा त मार्नु छ मालिक । लेकिन मोहनामे तो माछा खतम साफ हुआ न । मोहना रितो हो गया न मालिक," यतिञ्जेल चुप लागेर बसेका रमवाले भने ।

"त्यसैले त हामीले जीवजन्तु जथाभावी मार्नु हुन्न भनेको । तिनको संरक्षण गर्नुपर्छ भनेको नि । तिमीहरू बुझेर पनि बुझ पचाइदिन्छौ । जानेर पनि नजानेझैं गरिदिन्छौ ।" गुलेलीबाजे गम्भीर हुँदै भने । "मोहना र कर्णालीमा पहिला कति सौँसहरू खेलेको देखिन्थ्यो । खोइ, आजकाल त एउटा पनि देख्न मुश्किल छ । शिकारीले सबै बर्बाद गरिदिए । यो त नेपालमा पाइने, पानीमा बस्ने एक मात्र स्तनधारी जन्तु हो थाहा छ ? यसले पानीभित्रै बच्चा जन्माउँछ ।"

त्यहीबेला प्लास्टिक र गम्छाले छोपेको माछा चल्यो । रमवा, लालजन, मेवालाल र त्यहाँ भएका अरू एक/दुई जना त्रसित देखिए । अघिदेखि निकालेको सौँस अझै जीवितै होला भन्ने उनीहरूले कल्पना पनि गरेका थिएनन् ।

"तिमरले फेरि सौँस मार्‍यौ ?" गम्छा र प्लास्टिक फाल्दै गुलेली बाजे कड्किए । ठूलो भुँडी भएको ठूलो डल्फिनले पुच्छर चलायो ।



"हेर यी बदमासहरूले पेट बोकेको सौँस समातेछौ ! कस्ता पापी तिमीहरू ! तिमीहरूलाई सौँसले दुई तीन वर्षमा एउटा बच्चा ब्याउँछ भन्ने थाहा छैन ?" गुलेली बाजेले रिसाउँदै भने ।

उनले सौँसलाई छ्यामछ्याम छुमछुम गरे । सौँस बेहोसजस्तै अवस्थामा थियो । मरिसकेको थिएन ।

गुलेली बाजेले रिसाउँदै आदेश दिए, "मेवालाल, तुरुन्त एक बाल्टिन पानी लिएर आइज ।"

"ओ सौँस तो मरगया न मालिक । छाडिदिनोस् यसको," मेवालालले टार्न खोज्यो ।

"मेवालाल । बकबास पछि गर्लास् । तुरुन्त पानी ल्याइहाल्," गुलेली बाजेले पिटुँलाझैँ गरी हप्काउँदै भने । बल्ल मेवालाल पानी लिन हिँड्यो ।

"तुम भोजराज बाजेको के मतलब ? हमरा खुसीले माछा मार्न, रामरमिता गर्न नपाउने ?" रमवाले दाह्रा किट्दै असन्तोष पोख्यो ।

"तिमीहरूलाई आखिर मैले जत्ति सम्झाए पनि केही लागेन हगि ? यसको सट्टा माछा मारेर खाए हुँदैन ? यो संसारबाटै समाप्त हुन लागेको जीव हो, यसैले यसलाई जोगाउनु पर्छ भनेर कति भनेँ तिमीहरू मानिस हौ कि के हौ ?" गुलेली बाजेले रिसाउँदै भने ।

बाल्टिनमा पानी लिएर आएको मेवालालतिर हेर्दै नहेरी गुलेली बाजेले बाल्टिन झट्कारेर लिए । अनि सौँसको जिउमाथि बिस्तारै पानी खन्याउन थाले ।

पानी पाएर सौँस चल्मलायो । उसले सु..सु..आवाज निकाल्दै जीवितै रहेको प्रमाण दियो । गुलेली बाजेले फेरि एकपल्ट बाल्टिनमा बाँकी रहेको पानी प्रेमपूर्वक उसको शरीरमा छम्किए । ढाड र पखेटामा लागेको चोट सुम्सुम्याए । झोलाबाट मलम झिकेर घाउमा लगाइदिए ।

उनले दुई हातले बिस्तारै सौँसलाई उठाउन खोजे । सौँस छटपाउन थाल्यो । लामो थुतुनोमा एक अर्कामाथि खप्टिएका त्यसका दाँतका लहर प्रष्टै देखिन्थे । खैरो फुस्रो रङको उसको शरीर डरले अलिअलि काँपेकोजस्तो देखिन्थ्यो ।

गुलेली बाजेले सौँसलाई माया गरेको देखेर लालजनको मन पनि पग्लियो । उसले पनि सौँसलाई उचाल्न मद्दत गर्‍यो ।

गुलेली बाजे र लालजनलाई पनि सौँसलाई सँभाल्न मुश्किल परेको देखेर हरदयाल र रामसुरथले पनि साथ दिए । चारजना भएर उचाल्दा पनि सौँस चिप्लेर खस्न खोज्थ्यो । होस पुर्‍याएर उनीहरूले सौँसलाई मोहनाको पानीमा बिस्तारै राखिदिए ।



एकछिनसम्म त त्यो सौँसलाई आफूले नवजीवन पाइरहेको कुराको हेक्का नै रहेन । बिस्तारै उसलाई सास फेर्न सहज भयो । अनि शरीरका अङ्गहरूमा कता कता दुःखिरहेको अनुभव गर्‍यो । बिस्तारै आफ्ना पखेटाहरू फट्कार्‍यो । ऊ गुलेली बाजे र अरू मानिसहरूतिर फर्केर विशेष आवाज निकाल्यो र पुच्छर हल्लाएर मोहनाको पानीमा बिलायो ।

"यो घटनाले मलाई धेरै चिन्तित पार्‍यो । के गरुँ गरुँ भयो । अनि सौँस संरक्षण केन्द्र स्थापना गरी बचाउने काम सुरु गरेँ," अन्त्यमा गुलेली बाजेले भने ।

"मेरो प्रयासमा सबैको साथ पनि पाएँ । आज यो हाम्रो गाउँ देशकै एउटा डल्फिन खेल्ने ठाउँ बनेको छ । यहाँ हरेक वर्ष विभिन्न देशका मानिस आउँछन् र डल्फिन खेलेको हेर्छन् ।" विदेशी विद्यार्थी र गाउँलेहरूले भरिएको हलमा गुलेली बाजे भन्दै थिए । "अहिले तपाईंहरू पनि जानुहोला । मोहनामा जताततै सुउ..सुउ..आवाज निकाल्दै खेलिरहेका डल्फिनसँग रमाउनु होला । सुउ..सुउ..ध्वनि निकाल्दै खेल्ने भएकाले यसलाई हाम्रो भाषामा सौँस भन्ने गरेका छौँ । ल डल्फिनसँग प्रशस्तै सेल्फी खिचेर फिर्नु होला । हामी फेरि भेट्नेछौँ ।"

गुलेली बाजेका कुराले मख्ख परेका डल्फिन स्कुलका शिक्षक र विद्यार्थी मुस्कुराउँदै मोहनातिर लागे ।

# चराहरूको गुनासो

विमलाको घरको छतमा धेरै कौवा बसेको देखेर उमेशको मनमा जिज्ञासा जाग्यो । उनले झ्यालबाट विमलालाई बोलाउँदै भने, “हेर त विमला, तिम्रो घरको छानामा कत्तिका कौवा बसेको ?”

विमलाले झ्यालबाट हेरी । उनले पनि छक्क पर्दै भनिन्, “तिम्रो घरको छानामा पनि त लपक्कै चराहरू बसेको छ नि । हरिया चराहरू छन् । सुगा हो कि ....”

सुगा भनेको सुन्ने बित्तिकै उमेशलाई हेर्न मन लाग्यो । उनी दगुर्दै छतमा गए । छतको ढोका बाहिर निस्कन नपाउँदै सुगाहरू आएर उसको टाउकोमा ठुङ्न थाले । उमेश डरले चिच्याउँदै भित्र पसे । उनको कपालमा सुगाले घाउ बनाएको थियो । घाउबाट रगत बगिरहेको थियो ।

उमेश दुइटा हातले टाउको समात्दै रुँदै आएको देखेर आमा सविनाले आत्तिँदै सोधिन्, “के भयो ? कसरी चोट लाग्यो ? लोट्यौ कि ?”



"सुगाले टोक्यो," उमेशले रुँदै भने । उनले पारि घरको छानातिर देखाउँदै भने, "विमलाको घरको छानामा हेर्नुस् त मम्मी कत्तिका कौवा ! हाम्रो घरको छानामा त्यस्तै गरी सुगा बसेका छन् ।"

सविनाले झ्यालबाट हेरिन् । विमलाको घरमा मात्रै हैन अरूको घरका छानामा पनि चराहरू लपक्क बसेका थिए । कुनैमा परेवा, कुनैमा बकुल्ला, कुनैमा चिबे चराका झुन्ड बसेका थिए । अलि परको घरको एउटा छानामा चिल र अर्को छानामा गिद्ध बसेका थिए ।

"लौ न के भएको यस्तो । सबैका छानामा चराहरू !" सविनाले आत्तिँदै भनिन् ।

त्यही बेला केही सुगा उड्दै झ्यालबाट भित्र पस्न खोजे । सविनाले सुगालाई धपाउन हात हल्लाइन् । एउटा सुगाले उनको औँलामा टोक्यो । उनी पीडाले चिच्याइन्, "ऐया.... सुगाले टोक्यो ।"

उनले हत्तपत्त झ्याल बन्द गरिन् । उनले झ्यालको सिसाबाट बाहिर हेरिन् । घर अगाडि बिजुलीको तारमा तार नै नदेखिने गरी सुगाहरू बसेका थिए । ती सुगाहरूले तल सडकमा हिँड्ने मानिसहरूलाई पनि टोक्न थाले । मानिसहरूको भागाभाग भयो ।

मानिसहरू डराएर घरको झ्याल ढोका थुनेर बसे । सहरमा आतङ्क छायो । पसलहरू बन्द भए । बाटोमा गाडी र मानिस देखिन छाडे । जतातत‍ै चराहरू मात्र देखिन्थे । चराहरूको हमला दिनभरि चल्यो । घाम अस्ताएपछि चराहरू बनमा फर्के ।

चराहरू किन आक्रामक भए ? चराहरूले जस्तै भोलि बाघ, चितुवा, स्याल, बाँदरहरू सहरमा पसेर हमला गर्न थाले भने के होला ? यसको कारण पत्ता लगाउन चरा विशेषज्ञ तथा वन्यजन्तु विशेषज्ञ र वातावरण विज्ञहरूको जरुरी बैठक बस्यो ।

चरा विशेषज्ञ हरिशरण नेपालीको भनाइ थियो, "भुइँचालोपछि चराहरूको स्वभावमा केही परिवर्तन देखिएको छ । यसको कारण उनीहरूको वासस्थान विनास हुनु हो । घरहरू भत्केपछि सहरमा बस्ने लाखौँ चरा खास गरी परेवा, कौवा, भँगेरा, चिल र गिद्धहरूसमेत विस्थापित भएर बनमा बस्नु परेको छ । उनीहरू धेरै पुस्तादेखि सहरमा बस्ने र यहीँ मानिसले उपलब्ध गराएको खानेकुरा खाने बानी परेकोले जङ्गलमा बस्न उनीहरूलाई धेरै गाह्रो भएको छ । यसैले चराहरूले आक्रमण गरेको हुन सक्छ ।"

वन्य पशु विशेषज्ञ राकेश चालिसेले भने, "यो कुरामा सत्यता छ । मानिस र वन्य जीवजन्तुबीच निरन्तर द्वन्द्व चलिरहेको छ । खास गरी जनसङ्ख्या बढेपछि मानिसले वनजङ्गल अतिक्रमण गरेर वन्यजन्तुको वासस्थान, चरिचरन र खेल्ने डुल्ने, सन्तान उत्पादन गर्ने सबै कुरामा अतिक्रमण गरेको छ । उनीहरूको जीवनमा मानिसको हस्तक्षेप दिनदिनै बढेको छ । यसैले उनीहरू आक्रामक हुनु स्वाभाविक हो ।"



"म एउटा रोचक कुरा सुनाउँछु । तपाईंहरूलाई मेरो कुरा विश्वास नलाग्न सक्छ किनकि यो कुराको प्रमाण दिन म सक्तिन तर चराहरूको व्यवहार र उनीहरूको बोलीको अर्थ म बुझ्न सक्छु," चरा विशेषज्ञ हेमसागर हिमालीको कुरा सुनेर सबै जना उत्सुक भए । उनले भने, "केही दिनअघिको कुरा हो म सधैँझैँ चराहरूको अध्ययन गर्न नजिकैको बनमा गएको थिएँ । त्यहाँ चराहरूको मिटिङ भइरहेको रहेछ ।....."

"चराहरूले पनि मानिसले झैँ मिटिङ गर्छन् ?" धेरै जनाले एकैचोटि सोधे ।

"त्यसैले त मैले तपाईंहरूलाई प्रमाण दिन सक्तिन भनेर सुरुमै भनेँ नि । चराहरू मानिसले झैँ टेबुल वरिपरि बसेर मिटिङ गर्दैनन्," हिमालीले भने । "उनीहरू रुखका हाँगा हाँगामा बसेर आफ्ना गुनासा पोखिरहेका थिए । म सधैँ त्यो बनमा जाने गरेकोले चराहरूले मलाई चिन्छन् । यसले हामीलाई हानि गर्दैन भन्ने विश्वास उनीहरू गर्छन् मलाई । अनि यो मान्छेलाई हाम्रो कुरा सुनायो भने केही उपाय निकाल्छ कि भन्ने सोचेर पनि उनीहरूले मेरो अगाडि गुनासो पोखेको हुन सक्छ ।"

"तपाईंको कुरा त दन्त्यकथा जस्तो लाग्छ । चराहरूले मानिससँग गुनासो पोख्ने ... यस्तो पनि हुन्छ र ?" जीव वैज्ञानिक सूर्यकुमारले भने ।

"उहाँको सबै कुरा सुनौँ न अनि त्यसको आशय र मर्म के हो त्यसबाट बुझौँ," वातावरणविद् तीर्थराजले भने ।

त्यसपछि हेमसागर हिमालीले आफूले चराहरूको मिटिङमा सुनेका कुरा विस्तारपूर्वक प्रस्तुत गरे ।

त्यो दिन चराहरूको राम्रै भेला भएको रहेछ । उड्ने चराहरू रुखमा बसेका थिए भने मयुर, कालिज, तित्रा, वनकुखुरा, काँडेभ्याकुरजस्ता उड्न नसक्ने चराहरू चौरमा बसेका थिए ।

सबैभन्दा पहिले भँगेरीले भन्यो, "भुइँचालो गएपछि हामी बिचल्लीमा पऱ्यौँ । मानिसहरूले नयाँ नयाँ घर बनाए तर ती घरमा पुराना घरमा जस्तो हामी बस्ने ठाउँ नै छैन । बाहिर फुल पाऱ्यो कौवा र बिरालोले खाइदिन्छ । यसैले सहरमा नआई सुखै पाइएन ।"

"हाम्रो दुःख पनि यही त हो नि । नयाँ घरहरूमा हामीलाई ठाउँ नै छैन । खुला छतमा बस्दा हावा पानीले गुँड बनाउनै मिल्दैन । बच्चा हुर्काउन सकस भयो," परेवाले रुन्चे स्वरमा भन्यो ।

"मानिसले हामीलाई कालो भनेर हेला गर्छन् । तर हामीले सहर सफा गर्न कति मिहिनेत गर्छौँ भन्ने कुरा उनीहरूले बुझेका छैनन् । उनीहरूलाई यो कुरा बुझाउनु पर्छ," कौवाले भन्यो ।

त्यसपछि प्वाँख ठाडो पार्दै मुजुर बोल्यो, "हाम्रो बस्ने खेल्ने ठाउँ नै सखाप पारिएको छ । के यो धरती मानिसको मात्रै हो र ? हामीलाई जथाभावी मार्न पाइन्छ । अब त अचाक्ली नै भयो । यसको विरोध नगरी भएन साथी हो !"

"हाम्रो त जातै मासिन लागिसक्यो । हामीले केही विराम त गरेका थिएनौँ । बरु सिनो, फोहोर सफा गरिरहेका थियौँ," डङ्गर गिद्धले आक्रोश पोख्यो, "अब लोप भएरै जानु छ भने मानिससँग पछि हट्नु छैन । मानिसलाई यसको सजाय दिनुपर्छ । हामी सबै मिलेर उनीहरूमाथि आक्रमण गर्नुपर्छ ।"

गिद्धको जोशिलो कुरामा चिलले पनि समर्थन जनायो । अरूले पनि चिरबिराउँदै समर्थन जनाए ।

आफ्नो कुरा टुङ्ग्याउँदै हिमालीले भने, "चराहरूको कुरा सुन्दा मलाई रमाइलो लागेको थियो । तर यसरी सङ्गठित भएर हमला गर्छन् भन्ने मलाई लागेको थिएन । चराहरूको यो अनौठो व्यवहार हो ।"

"यस्तै व्यवहार भोलि बाघ, चितुवा, बाँदर, स्यालहरूले पनि देखाउन थाले भने के होला ?" राकेश चालिसेले चिन्ता व्यक्त गर्दै भने । "अरूले नगरे पनि बाँदरले गर्न सक्छ । एक्लाएक्लै गरिरहेकै छ । भोलि सङ्गठित भएर गर्न सक्छ ।"

विशेषज्ञहरूको बैठक धेरै बेर चल्यो । आखिरमा वातावरणविज्ञ तीर्थराजले भने, "यो पृथ्वी मानिस र जीवजन्तुको साझा घर हो । पृथ्वीमा भएको स्रोत साधन पनि साझा हो । तर मानिसले जीवजन्तुको वासस्थान, भोजन, खेल्ने र डुल्ने ठाउँमा अतिक्रमण गरेको छ । मानिस र जीवजन्तुबीचको द्वन्द्वको मुख्य कारण यही हो । यो द्वन्द्वको व्यवस्थापन बुद्धिमानीपूर्वक गर्नुपर्छ ।"

"मानिस र वन्यजीवबीचको द्वन्द्व कम गर्न र जैविक विविधता जोगाउन द्वन्द्व व्यवस्थापन महत्वपूर्ण विषय हो," हेमसागर हिमालीले भने । "यसको मुख्य उपाय त बन अतिक्रमण नगर्नु हो । यो कामको लागि हामीले सरकारसँग कुरा उठाउन र जनचेतना फैलाउनु आवश्यक छ ।"

"तर तत्काल गर्न सकिने काम त गरौं," हरिशरण नेपालीले भने । "सबैभन्दा पहिले हामीले सहरभित्र चराहरूको वासस्थान र भोजनको व्यवस्था गरौं । खानेकुरा पाकेपछि वा खानुभन्दा पहिले चरा र पशुहरूलाई खानेकुरा दिने हाम्रो चलन नै थियो । अहिले पनि हामीले घरको छतमा वा बारीमा चराहरूलाई खानेकुरा र पानी ख्वाउने भाँडा र बस्ने घरहरू बनाइदिउँ । विद्यालयका बालबालिकालाई यसबारे भन्यौं भने यो काम सजिलैसँग हुनसक्छ ।"

विशेषज्ञहरूको भेलाले पशुपंछीहरूको वासस्थान, भोजन तथा खेल्ने डुल्ने ठाउँको व्यवस्था गर्न विभिन्न सुझाव तयार पारे । उनीहरूले तयार पारेको सुझाव नगरपालिका, विद्यालय तथा विभिन्न संस्थालाई पठाइयो ।

अहिले त्यो सहरका मानिसहरू, खासगरी बालबालिकाले चरा र पशुहरूलाई माया गर्न थालेका छन् । उनीहरूले घरको छत र बारीहरूमा चराहरूका लागि घर र खानेकुरा र पानी खाने ठाउँहरू बनाइदिएका छन् । सहर बिहानैदेखि कोइली, सुगा, परेवा, भँगेरी आदि चराहरूको स्वरले गुञ्जिरहेको सुनिन्छ ।





# गिद्ध रेष्टूराँ

सबल साइकलमा तीव्र गतिले हुँइकिरहेका थिए । अचानक उनको अगाडि एउटा गिद्ध भुइँमा खस्यो । आफ्नै सुरमा गइरहेका सबल भसङ्ग भए । उनले एक्कासि साइकलको ब्रेक लगाउँदा भन्डै हुत्तिएर नढलेको । जसोतसो उसले सन्तुलन मिलाए ।

अचानक आफ्नो अगाडि छटपटाएको गिद्धलाई देखेर उनलाई अचम्म लाग्यो । हुन पनि कस्तो संयोग भयो भने सबल इको क्लबका अध्यक्ष थिए । उनी भर्खरै क्लबको कार्यक्रमबाट फर्किँदै थिए । क्लबले गिद्ध चरा सङ्कटमा परेको विषयमा छलफल कार्यक्रम राखेको थियो ।

'संरक्षण गर्ने अवसर यही हो,' उनले सोचे । घाइते चरालाई कसरी समात्ने र धेरै चल्न नदिने भन्ने कुरा उनले क्लबमा सिकेका थिए । घाइते गिद्धलाई उनले समाते । उनले गिद्धलाई कसैले गुलेली हानेर घाइते भएको अनुमान गरे । उनले त्यसलाई भोलामा राखेर काँधमा बोके अनि साइकल दगुराउँदै पशुपंक्षी विकास केन्द्रमा पुऱ्याए ।

रामअवतार काका भेटेरिनरी डाक्टर अर्थात् पशुचिकित्सक थिए । उनी पशुपंक्षी विकास केन्द्रमा काम गर्थे । उनी गाउँलेको विश्वासपात्र थिए । सबैलाई आदर र सम्मान गर्ने भएकाले उनले पनि सानादेखि ठूलासम्म सबै गाउँलेको माया पाएका थिए । वातावरण संरक्षणमा चासो दिने भएकाले उनलाई इको क्लबमा सल्लाहकार बनाइएको थियो । उनी बेलाबेलामा क्लबका सदस्यहरूलाई वातावरणमा पशुपंछीको महत्व र संरक्षण गर्नेबारेमा भनिरहन्थे ।

रामअवतार काकाले सबलले ल्याएको गिद्धलाई ओल्टाइपल्टाइ हेरे । गिद्ध बिस्तारै शिथिल बन्दै गइरहेको थियो । उनले एउटा सुइबाट गिद्धको अलिकति रगत निकालेर जाँच गरे ।

"जे नहोस् भनेको, आखिर त्यही पो रहेछ । यसको शरीरमा डाइक्लोफेनिक नामको विषादी फैलिसकेको छ," रामअवतार काकाले मलिन स्वरमा भने ।

"यसलाई बचाउन सकिन्न त काका ?" सबलले सोधे ।

"सम्भावना कमै देख्छु । किनभने त्यो डाइक्लोफेनिक विषादी कडा खालको हुन्छ । गिद्धको शरीरले यसलाई सहन गर्नै सक्दैन । फेरि यो शरीरभर फैलिसकेको देखिन्छ । तैपनि हेरौँ । म एउटा रिलिफ हुने र विषादीसँग लड्ने औषधि दिन्छु ।"

उनले फ्रिजबाट एउटा औषधि निकाले र सिरिञ्जमा हाले । अनि गिद्धको गर्धनमा सुइ लगाए । तर गिद्ध हलचल गर्न पनि नसक्ने भइसकेको थियो ।

यत्तिकैमा सबलको मोबाइलमा बाँसुरीको मीठो रिङ टोन गुञ्जियो । सबलले मोबाइल उठाए ।

"ओई सबल ! यहाँ आइज न सिमल वनको पल्लो चौपारीमुनि मरेको गाई फालेको रैछ," इको क्लबकै साथी दुर्गेशले एकै सासमा भने ।

"ल म एकैछिनमा आइहालेँ," सबलले जवाफ दिए । उनले दुर्गेशको कुरा रामअवतार काकालाई भने ।

"हँ । मैले पनि सुनेको थिएँ । गाउँमा कसैले मरेको गाई चौपारीमुनि फालेको छ । यस गिद्धले पनि त्यही मरेको गाईको मासु खाएको हुनुपर्छ," शिथिल र स्थिर हुँदै गइरहेको गिद्धलाई देखाउँदै रामअवतार काकाले भने । "त्यसो हो भने जाऊ, त्यो मरेको गाईलाई पक्कै पनि डाइक्लोफेनिकयुक्त औषधि खुवाएको हुनपर्छ । यसले त ठूलो विनाश पो निम्त्याउन सक्छ । साथीहरू मिलेर त्यसलाई थान्को लगाऊ ।"

सबल साइकल दगुराउँदै चौपारीमुनि पुगे । त्यहाँ मरेको र ठाउँ ठाउँबाट मासु लुछिएको गाईको सिनु थियो । यत्रतत्र छरिएका रगत मासुका लाप्सा र दुर्गन्धले वातावरण असह्य थियो ।

सबल र इको क्लबका साथीहरूले गाईको त्यो सिनोलाई खाल्डो खनेर पुरिदिए । अनि उनीहरू सबैजना रामअवतार काकाकोमा गए । रामअवतार काका पत्रिका पढिरहनु भएको थियो ।

सबलले छाडेर गएको गिद्ध मरिसकेको थियो । त्यसको लत्रिएको चुच्चो भुईंमा घोप्टिएको थियो ।

“उता गाई पुरेर आइयो । यता गिद्ध पनि मरिसकेछ । के गर्ने सर ?” सबलले चिन्ता व्यक्त गर्‍यो ।

“पहिले यो मरेको गिद्धलाई राम्ररी गाडेर आऊ । त्यत्तिकै फाल्यो भने अरू जनावर खाएर मर्न सक्छ,” रामअवतार काकाले भने । “अब इको क्लबले गाउँमा यस विषयमा चेतना जगाउनु पर्छ । चेतनाको अभावमा यस्ता घटना दोहोरिने गरेका छन् । खासमा गाईवस्तुलाई डाइक्लोफेनिकयुक्त औषधि खुवाउन प्रतिबन्ध लगाइसकिएको छ । त्यो मरेको गाई कसको थियो र कुन पसलबाट त्यो औषधि किनेको हो, त्यो पसललाई कारबाही हुनुपर्छ । त्यो कुरा पत्ता लगाउनु पर्छ,”, रामअवतार काकाले भन्नुभयो ।

इको क्लबका सदस्यहरूले अलि पर गहिरो खाल्डो खनेर गिद्धलाई पुरे । त्यसपछि हतारिँदै गाउँमा गए । त्यहाँ उनीहरूले सिरान घरे गिर्वान काकाको घरको गाई मरेको पत्ता लगाए ।

“गिर्वान काकाले गाईलाई कुन औषधी ख्वाएका थिए । त्यो औषधी कुन पसलमा किनेका थिए ? यो कुरा पत्ता लगाउनु पर्‍यो,” रामअवतार काकाले भने ।

“गाईको सिनो त्यसरी खुला ठाउँमा फाल्न नहुने थियो । एक जनाले गल्ती गर्दा अरू निर्दोषलाई असर पर्न गयो । गिर्वान काकाको गाई मरेको हो भने हामीले उहाँलाई सम्झाउनु पर्छ,” रामअवतार काकाले भने । “हुन त उहाँले अन्जानमै गर्नुभयो होला । तर मरेको गाईलाई पुर्नुपर्ने थियो । त्यस्तो विषादी हुने प्रतिबन्धित औषधि बेच्नेलाई पनि कारबाही हुनुपर्छ । अहिले रात पनि पर्न लाग्यो । भोलि बिहान गिर्वान काकाको घरमा पुगौँ न त ।”

भोलिपल्टको बिहान, क्लबवाला केटाकेटी गिर्वान काकाको घरमा पुगे । साथमा भेटेरिनरी डाक्टर रामअवतार पनि थिए । लैनो गाई गुमाएका गिर्वान काकाको अनुहार मलिन थियो । तैपनि उनले सबैलाई स्वागत गरे ।

“अनि नवजवान युवाहरूलाई लिएर डाक्साब कति कामले पाल्नु भयो होला ?”

“गिर्वानजीको लैनो गाई मरेको ठूलो नोक्सानीको खबरले दुःख लाग्यो । अनि यसो भेटघाट गरिहालूँ भनेर हो । फेरि यी भाइबैनीको चासो पनि जायज लागेकोले केही कुरा पनि बुझिहालूँ भनेर । अनि गाई बिरामी परेपछि यसो सल्लाह गर्न आउनु भएको भए हुन्थ्यो नि । के भएको थियो, औषधि पनि गर्नु भएन कि ?” रामअवतार काकाले भने ।



"हजुरलाई खुब सम्झिएको थिएँ । फोन नम्बर पनि पत्ता लगाएँ । तर संजोग पनि कस्तो, मजुवाबजार पुगेको थिएँ, त्यहीँको एग्रोभेट पसलमा छिरेँ । यसले ठीक भइहाल्छ भनेर ओखती दिए । दूध कम कम हुँदै बन्दै भइसकेको थिएँ । ल्याएको ओखती झटपट चलाइहालेँ । निको होला भनेर हेर्दाहेर्दै गाई त गै हाल्यो नि ।"

"यही त गल्ती भयो गिर्वान काका । अब नोक्सान हुनु भई नै सक्यो । के औषधि खुवाउनु भएको थियो ? त्यसको खोल वा बट्टा छ कि हेरौँ न ।"

गिर्वान काकाले भित्र गएर एकै छिनमा औषधिको बट्टा लिएर आए । रामअवतार काकाले नियाली नियाली औषधिको बट्टा हेरे । अनि बिस्तारै भने, "गिर्वानजी ! तपाईं पशुपंक्षी विकास केन्द्रमा नआई एग्रोभेट पसलको भर पर्नाले बर्बाद भयो । यो त प्रतिबन्धित औषधि हो । यसले काम नगर्ने त होइन, गर्छ । तर यसमा डाइक्लोफेनिकको मात्रा धेरै हुने हुनाले यो औषधि खुवाएका गाईवस्तुको सिनो खाने चराहरू मर्छन् । फेरि तपाईंले मरेको गाईलाई खुला छाड्नु भएछ । त्यसको सिनो खाएर धेरै गिद्ध मरिसके ।"

"म त गाई मरेपछि ठूलो तनावमा परेँ सर ! पुर्नुपर्छ भन्ने विचार पनि आएनछ । ओहो एउटाको असर पनि कतितिर पर्दोरैछ नि ! नजान्नुजस्तो कमजोरी केही रहेनछ," गिर्वान काका अञ्जानवश भएको गल्तीमा पछुताए ।

“हो नि गिर्वानजी, हामी र हाम्रो प्रकृति एउटा पद्धतिमा चलिरहेको हुन्छ । एकातिर परेको एउटा सानो असरले पूरै जीव प्रणाली अर्थात् इकोसिस्टममा असर पर्छ । गाई मर्‍यो । त्यो सिनो पुर्नु भएन । त्यसलाई खाएर गिद्ध मरे । मरेका गिद्ध, गाईलाई सूक्ष्म जीवले खाएर माटो बनाउँछ । माटोमा भएको पोषक तत्व घाँस बिरुवाले लिन्छन् । अनि घाँसपात गाईवस्तुले खान्छन् । गाईवस्तुलाई बाघ भालुले खान्छन् । बाघभालु मरेपछि माटो बन्छन् । जीव प्रणालीमा यो भोजन-चक्र चलिरहन्छ नै,” रामअवतारले सम्झाउँदै भने । “यो चक्रमा एउटा पनि जीव लोप भयो भने चक्र खल्बलिन्छ र वातावरणीय असन्तुलन हुन्छ । यसैले हामीले सबै जीवजन्तुको संरक्षण गर्नुपर्छ ।”

“काकालाई भेटेको बेला म पनि ईको क्लबको तर्फबाट केही भन्न चाहन्छु,” सबलले रामअवतार काकाको अनुमति लिँदै भने । “काकाको नोक्सान नहुनु थियो भई नै हाल्यो । त्यो प्रतिबन्धित औषधि बेच्ने एग्रोभेटलाई पनि जानजान त्यसो गरेको भए कारबाही गर्नुपर्छ । अन्जानमा हो भने उनलाई सम्झाउनु पर्छ । यस कुरामा हाम्रो ईको क्लबलाई काकाले सहयोग गर्नुपर्छ ।”

“हुन्छ बाबु, यस्तो राम्रो काममा सहयोग गरिहाल्छु नि ।”



"अर्को कुरा हाम्रो क्षेत्रमा गिद्धको सङ्ख्या दिनदिनै घट्दै छ । यसले वातावरणमा असन्तुलन ल्याउँछ । यसैले हाम्रो इको क्लबले गिद्धलाई उचित आहारा जुटाउन र तिनको संरक्षण गर्न केही काम गर्ने निधो गरेको छ । हामीले सिमलघारीमा गिद्धलाई विषालु औषधि नभएको सिनु ख्वाउने ठाउँ बनाउने योजना बनाएका छौँ । अनि यसको नाम गिद्ध रेष्टूराँ राख्ने पनि निर्णय गरेका छौँ । यसमा हामी काकासहित सबैको सहयोग चाहन्छौँ ।"

"भई हाल्छ नि । गाउँका मरेका गाईडिंगा तह लाउन पनि हुने अनि गिद्धको संरक्षण पनि हुने । राम्रो काम हो । तर सिनुचाहिँ विषादीयुक्त औषधि नखाएको हुनुपर्‍यो । हैन त डाक्टर साहेब ?," गिर्वान काकाले सहमति जनाउँदै भने ।

"हो गिर्वानजी, जनावरलाई दिइने औषधिमा डाइक्लोफेनिक भन्ने तत्व हुनु भएन । यसबारे सबै जना सचेत हुनुपर्‍यो । कसैले यस्तो औषधी बेचेको रहेछ भने उसमाथि कारवाही गर्नुपर्‍यो," रामअवतार काकाले भने ।

"गिद्ध त सिनो फोहोर सफा गरिदिने कुचीकार चरो हो नि । यसको संरक्षणका लागि आजकाल ठाउँ ठाउँमा गिद्ध रेष्टूराँ नै बनाइएका छन् । गिद्ध बस्ने खुला वन क्षेत्रलाई नै रेष्टूराँ मानेर त्यहाँ बूढा गाईवस्तु राखिएको हुन्छ । अनि ती बूढा गाईवस्तु मरेपछि गिद्धलाई खुवाउने व्यवस्था मिलाइन्छ । तर त्यो मासु खाँदा गिद्धलाई कुनै असर नगर्ने हुनुपर्छ । हाम्रो मा भने यसरी निर्दोष गिद्धको ज्यान गयो," दुर्गेशले एकै सासमा भन्यो ।

इको क्लबले गर्दा अहिले सिमल चौपारी वरिपरिमात्र होइन वरिपरिका गाउँमा पनि गिद्धको सङ्ख्या बढेको छ । अग्ला रुखका हाँगामा गिद्धले गुँड बनाएर चल्ला कोरल्न थालेका छन् ।

# परिशिष्ट १ : पृथ्वीका संसाधन र तिनको संरक्षण

पृथ्वी मानिस, जनावर, चरा, रुखबिरुवा, कीरा फट्याङ्ग्रा, माछा, भ्यागुता सबै प्राणीको साझा घर हो । यहाँ पाइने घाम, हावा, पानी, माटो, वनजङ्गल, रुखबिरुवा हामीले उपयोग गर्छौं । हावा भएन भने कुनै पनि प्राणी बाँच्न सक्तैन । सबै प्राणीको शरीर पानीले बनेको छ । घाम भएन भने वनस्पतिले भोजन बनाउन सक्तैन । वनस्पति भएन भने अरू जनावर र मानिस पनि बाँच्न सक्तैन ।

हामीलाई सास फेर्न हावा चाहिन्छ । पिउन र विभिन्न काममा पानी चाहिन्छ । पेट भर्न, खानका लागि बोट, बिरुवा, वनस्पति चाहिन्छ । खेतीपाती गर्न, अन्न, फलफूल, तरकारी उमार्न माटो चाहिन्छ । कलकारखाना, जहाज, मोटर चलाउनका लागि कोइला, पेट्रोल, ग्यास चाहिन्छ । घाम, हावा, पानी, माटो, ढुङ्गा, रुख बिरुवा र जीवजन्तु तथा जमिनमुनि खानीबाट निस्कने तेल, कोइला, धातु तथा विभिन्न पदार्थ सबै पृथ्वीका संसाधन (Resources) हुन् । हामी सबै जन्मन, हुर्कन, बाँच्न र आफ्नो वंशलाई अगाडि बढाउन पृथ्वीका संसाधनमाथि निर्भर छौं ।

हामीलाई विभिन्न काम गर्नका लागि ऊर्जा (Energy) चाहिन्छ । हाम्रो शरीरले भोजन, हावा र घामबाट ऊर्जा पाउँछ । घरभित्र र बाहिर प्रयोग हुने यन्त्र, उपकरणहरू चलाउन ताप, बिजुली आदि ऊर्जा चाहिन्छ । सूर्यको प्रकाश, खोलाको पानी, बतास तथा जैविक वस्तुहरूबाट ऊर्जा प्राप्त हुन्छ । जमिनमुनिबाट निस्कने कोइला, तेल पनि ऊर्जाका मुख्य स्रोत हुन् । घाम, पानी, बतास र जैविक वस्तु कहिल्यै नसकिने, नरित्तिने स्रोत हुन् भने कोइला, तेल आदि रित्तिने स्रोत हुन् ।

घाम, पानी, बतास र जैविक वस्तुको प्रयोग गर्दा वातावरण बिग्रन्न । तर कोइला, ग्यास, पेट्रोल, डिजेल आदि प्रयोग गर्दा कार्बन डाइअक्साइड ग्यास निस्कन्छ । यो ग्यास मानव स्वास्थ्यका लागि हानिकारक ग्यास हो । यो ग्यास वायुमण्डलमा मिसिएपछि वायुमण्डलको माथिल्लो पत्र बाक्लो हुन्छ र पृथ्वीले सिरक ओढेझैँ हुन्छ । अनि वायुमण्डल तातो हुन्छ । यसलाई ग्लोबल वार्मिङ भनिन्छ ।

ग्लोबल वार्मिङले हिउँ पग्लन्छ, पानीका मूल सुक्छन्, समुद्रको पानीको सतह बढ्छ, कुबेलामा पानी पर्छ, जाडो ठाउँमा गर्मी हुन्छ । यसरी पृथ्वीको जलवायुमा परिवर्तन हुन्छ । जलवायु परिवर्तन भयो भने खाद्यान्न, फलफूल, तरकारी उत्पादनमा असर पर्छ । बाढी, पहिरो आउँछ । मानिसको बस्ती खल्बलिन्छ । जलवायु परिवर्तनले मानिसको मात्रै हैन अरू जीवजन्तु र वनस्पतिको अस्तित्वमा पनि खतरामा पर्छ ।

जलवायु परिवर्तन हुन नदिन र पृथ्वीको वातावरण जोगाउनका लागि पृथ्वीका संसाधनहरू फारो गरी प्रयोग गर्नुपर्छ । घाम, पानी, बतास र जैविक वस्तुजस्ता नरित्तिने स्रोतबाट ऊर्जा प्राप्त गर्नुपर्छ । रित्तिने र कार्बन डाइअक्साइड निकाल्ने स्रोतको प्रयोग घटाउनु पर्छ । रुख बिरुवाले कार्बन डाइअक्साइड लिएर अक्सिजन दिन्छ । यसैले रुख बिरुवा रोप्नु र वनजङ्गल हुर्काउनु वातावरण जोगाउनका लागि हरेक व्यक्तिले गर्न सक्ने सबैभन्दा उपयोगी काम हो ।

हामीले बिहान उठेदेखि साँझ नसुतेसम्म विभिन्न प्रकारका काम गर्छौं । हाम्रा कामहरू, जस्तै : खाना पकाउँदा, लुगा धुँदा, भाँडा माझ्दा, जाँदा आउँदा, विभिन्न प्रकारका कामले वातावरणलाई प्रदूषित गरिरहेको हुन्छ ।

हामीले वातावरणमा दुई प्रकारका फोहोर फालिरहेका हुन्छौँ – कुहिने (Bio-degradable) र नकुहिने (Non bio-degradable) फोहोर । तरकारी, फलफूलजस्ता वनस्पतिबाट निस्कने फोहोर कुहिन्छन् र मल बन्छ । तर प्लास्टिक, सिसा, टिन, अल्मुनियमका सामान कुहिन्नन् । यस्ता वस्तुले माटो र पानीलाई दूषित बनाउँछ । ती वस्तु खिइएर निस्कने रासायनिक पदार्थ विषालु हुन्छ र जीवजन्तु र मानिसलाई हानि गर्छ ।

कुहिएर नजाने यस्ता फोहोरलाई हामीले तीन तरिकाले तह लगाउन सक्छौँ । यसलाई अङ्ग्रेजीमा तीन आर (3R) भनिन्छ । यसको अर्थ हो : रिड्युस (Reduce), रियुज (Reuse) र रिसाइकल (Recycle) ।

रिड्युसको मतलब हो सजिलोसँग नकुहिने सामानको प्रयोग घटाउने । प्लास्टिक, टिन, अल्मुनियम, सिसाका सामान, भाँडाकुँडाको प्रयोग घटाउने । सधैँ प्रयोग गर्ने भाँडाकुँडा जस्तै : कप, ग्लास, प्लेट, थाल, कटौरा आदि सामान धातुका र धेरै खप्ने किन्न सक्छौँ । किनमेल गर्नको लागि प्लास्टिकको झोलाको सट्टा सपिङ ब्याग वा बलियो थैला, झोला प्रयोग गर्न सक्छौँ । हामीलाई कुनै सामान थोरै समयको लागि चाहिएको हो भने त्यो सामान सापटी लिएर काम चलाउन सक्छौँ । कारमा जानुको सट्टा हामी सार्वजनिक बसमा जान सक्छौँ । कसैसँग लिफ्ट मागेर जान सक्छौँ वा हिँड्न पनि सक्छौँ ।

रियुजको मतलब हो कुनै सामान फेरि प्रयोग वा पुनः प्रयोग गर्नु । प्लास्टिकका क्यान, जार, कागतका बाकस, कार्टुन र सिसाका भाँडाहरू पटक पटक प्रयोग गर्न सक्नुहुन्छ । तिनमा खेलौना, लुगा, बोतल आदि विभिन्न कुरा राख्न सकिन्छ । प्लास्टिक ब्यागमा खानेकुरा राख्नुको सट्टा लञ्चबक्समा राख्न सक्नु हुन्छ । तपाईंसँग कुनै कुरा धेरै छ, कुनै किताब, खेलौना, लुगा, भाँडा बढी छ वा त्यसलाई प्रयोग गर्न मन लागेन भने अरूलाई दिन सक्नुहुन्छ ।

रिसाइकलको मतलब हो एउटा सामानबाट अर्को सामान बनाउनु । प्रयोग भइसकेका सामानलाई गलाएर वा अन्य तरिकाले नयाँ सामान बनाउनु । जस्तै : पुरानो टिन वा

अल्मुनियमको क्यानबाट नयाँ क्यान बनाउनु । पुराना कागत गलाएर नयाँ कागत बनाउनु । पुराना प्लास्टिकका सामान गलाएर नयाँ सामान, खेलौना आदि बनाउनु ।

कुन फोहोर सामान कुहुन्छ र कुन सामान रिसाइकल गर्ने हो भन्ने थाहा पाएपछि हामीले ती सामान विभिन्न भाँडामा राख्न सक्छौँ । जस्तै : कुहिने सामान एउटा भाँडामा जम्मा गरेर कम्पोस्ट मल बनाउन सकिन्छ । नकुहिने सामानमध्ये रिसाइकल गर्नका लागि प्लास्टिकका बोतल र झोलाहरू एउटा भाँडामा, सिसाका बोतलहरू अर्को भाँडामा, टिनका भाँडा अर्कोमा, अल्मुनियमका भाँडा अर्कोमा र कागत अर्को भाँडामा जम्मा गर्न सकिन्छ । यसरी जम्मा गरेको सामान विक्री गर्दा फाइदा पनि हुन्छ ।

वातावरण जोगाउन हामीले अरू पनि विभिन्न काम गर्न सक्छौँ । जस्तै : नुहाउँदा, हातमुख धुँदा पानी कम खर्च गर्ने । धारा खुला नछाड्ने । वर्षाको पानी जम्मा गर्ने ।

भान्छामा जम्मा हुने कुहिएर जाने फोहोरबाट कम्पोस्ट मल बनाउने ।

कागतको दुवैतिर लेख्ने र कागतको प्रयोग कम गर्ने ।

नचाहिने बेलामा बत्ती निभाउने । रेडियो, टेलिभिजन, कम्प्युटर नचलाएको बेलामा बिजुली बन्द गर्ने ।

यातायातका साधनमा सकेसम्म साइकल चढ्ने । बिजुलीले चल्ने मोटरसाइकल, कार चढ्ने । कारको सट्टा सार्वजनिक बस चढ्ने । लिफ्ट माग्ने । स्वास्थ्यको लागि पैदल हिँड्ने ।

सबैभन्दा मुख्य कुरा रुख रोप्ने र वन जोगाउने ।

वातावरण जोगाउनु किन आवश्यक छ र कसरी जोगाउने भन्नेबारेमा साथीहरूसँग छलफल गर्ने र टोलछिमेकमा चेतना जगाउने ।

# परिशिष्ट २ : पारिभाषिक शब्दावली

**लिटिल डायनो :**

**डायनोसोर** (Dinosaur) शब्दको अर्थ हो भयानक वा विशाल छेपारो । यसको उत्पत्ति पृथ्वीमा २३ करोड वर्षअघि भएको थियो । त्यसबेलादेखि १५ करोड वर्षसम्म पृथ्वीमा जताततै डायनासोरहरू नै थिए । डायनासोरहरू हजारौँ प्रकारका जाति र प्रजातिका थिए । तिनीहरू कुनै मुसाजत्रा थिए भने कुनै २७ मिटर लामा थिए । आजभन्दा साढे ६ करोड वर्षअघि १० किलो मिटर ठूलो उल्कापिण्ड पृथ्वीमा ठोक्किँदा पृथ्वीमा जमिनमाथि भएका सबै डायनासोर मरेको अनुमान गरिन्छ ।

**रोबोट** (Robot) एक प्रकारको यन्त्र (मेसिन) हो । यसले विभिन्न प्रकारका काम गर्छ । यसले स्वचालित र सही तरिकाले काम गर्न सक्छ । कामअनुसार रोबोट विभिन्न प्रकारका हुन्छन् । आधुनिक रोबोटमा कम्प्युटर र सेन्सर जडान गरिएको हुन्छ ।

**सेन्सर** (Sensor) एक प्रकारको उपकरण (डिभाइस) हो । यसले आफ्नो वरिपरिका सामान र गतिविधिहरू थाहा पाउँछ । जस्तै : प्रकाश, ताप, आर्द्रता, चाप, गति । कुनै कुरा थाहा पाएपछि यसले मानिसले बुझ्न सक्ने सङ्केतमा देखाउँछ । जस्तै : ताप नाप्ने उपकरणले तापमानलाई अङ्कमा देखाउँछ । सेन्सर भएको कम्प्युटरले सेन्सरले थाहा पाएको कुरा अनलाइन वा इन्टर नेटबाट टाढा पुऱ्याउँछ । जस्तै : मौसमको भविष्यवाणी गर्ने उपकरणले तापक्रम, वायुको चाप र गति, आर्द्रता आदिको जानकारी पठाउँछ ।

**सौर्यमण्डल वा सौर्य परिवार** (Solar system) सूर्य र यसको वरिपरि घुम्ने ग्रह, उपग्रह, क्षुद्रग्रह, धूमकेतु तथा अन्य वस्तुसहितको एउटा प्रणाली हो ।

**ग्रह** (Planet) सूर्यको वरिपरि घुम्ने आकाशीय पिण्ड हो । पृथ्वी पनि एउटा ग्रह हो । सौर्य परिवारमा विभिन्न आकारका आठ ओटा ग्रह छन् ।

**ऊर्जा** (Energy) काम गर्ने क्षमता हो । कुनै पनि काम गर्दा ऊर्जा खर्च हुन्छ । सबै प्रकारका यन्त्र, उपकरण, यातायातका साधन, जीव तथा वनस्पति, पृथ्वी, ग्रह, तारा र सम्पूर्ण ब्रह्माण्ड ऊर्जाबाट चल्छ ।

**वातावरण** (Environment) कुनै वस्तुलाई घेरेर राख्ने वा वरिपरिको वस्तु हो । यसअन्तर्गत हावा, पानी, जमिन तथा सबै प्रकारका भौतिक वस्तु पर्छन् ।

**वायुमण्डल** (Atmosphere) पृथ्वीको सतह वा जमिनमाथि हुने हावाको बाहिरी पत्र हो । यसमा नाइट्रोजन, अक्सिजन, हाइड्रोजन, कार्बन डाइअक्साइड र अन्य ग्यास हुन्छन् ।

**अर्ग्यानिक गाउँ** :

**अर्ग्यानिक** (Organic) भनेको जीवित वस्तुसँग सम्बन्धित वा जीवजन्तु र वनस्पतिबाट प्राप्त भरिएको वस्तु हो । खेतीपातीमा अर्ग्यानिकको अर्थ हो कृत्रिम वा रासायनिक मल, विषादी र कुनै पनि प्रकारका कृत्रिम रसायनहरूको प्रयोग नगरी उत्पादन गरिएको वस्तु ।

**जैविक मल** (Bio fertilizer) खेतीपातीको उत्पादन बढाउनका लागि प्रयोग गरिने सूक्ष्म जीवहरू वा रुखबिरुवा वा जीवजन्तुको अङ्ग वा अवशेषबाट बनाइएको मल ।

**कम्पोस्ट** (Compost) गोबर, पिसाब र झारपात, वनस्पति र जीवको अवशेष वा जैविक वस्तु कुहाएर तयार पारिने मल ।

**कृत्रिम वा रासायनिक मल** (artificial/chemical fertilizer) खेतीपातीमा उत्पादन बढाउनका लागि अजैविक वस्तु, सिन्थेटिक वस्तुबाट बनाइने अप्राकृतिक मल । यसले कालान्तरमा रुखबिरुवालाई रोगी बनाउँछ ।

**विषादी** (Pesticide) कीरा, मुसा, झारपात, ढुसी तथा लामखुट्टेजस्ता रोगकारक र खेतीपातीलाई हानि पुऱ्याउने जीव मार्नका लागि प्रयोग गरिने रासायनिक यौगिक पदार्थ ।

**क्यान्सर** (Cancer) शरीरमा असामान्य कोश अनियन्त्रित रूपमा बढ्नाले हुने रोग ।

**पोषक तत्व** (Nutrients) रुखबिरुवा हुर्कन र फुल्न फल्नका लागि चाहिने नाइट्रोजन, पोटासियम, फोस्फोरस, म्याग्नेसियम, बोरोन, कपर, जिङ्क आदि खनिजहरू । त्यस्तै पशुपंछी र मानिसको भोजनमा आवश्यक कार्बोहाइड्रेट, प्रोटिन, चिल्लो पदार्थ, भिटामिन र खनिज पदार्थहरू ।

**सूक्ष्म जीव** (Microorganisms) सूक्ष्मदर्शक यन्त्रबाट मात्र देख्न सकिने साना जीव । माटोमा भएका सूक्ष्मजीवले बिरुवामा पोषकतत्व पुऱ्याउन सघाउँछ ।

**अम्लीयपन** (Acidity) माटो अम्लीय छ कि क्षारीय छ भन्ने कुरा नाप्ने आधार/इकाई पीएच हो । पीएचमा १४ अङ्क हुन्छ । सातभन्दा तल भयो भने अम्लीय र माथि भयो भने क्षारीय हुन्छ । अम्लीयपन धेरै भएको माटोमा रुख बिरुवा राम्ररी हुर्कन तथा फुल्न र फल्न सक्तैन ।

**गोठेमल** भनेको गोठमा भएका गाई, भैंसी, बाख्रा, कुखुरा, बङ्गुर आदि जनावरबाट प्राप्त गोबर आदि मल र सोत्तर कुहाएर बनेको मल हो । यो कम्पोस्ट मलजस्तै हो ।

**गुलेली बाजे :**

**मोहना नदी** यो कैलाली जिल्लामा पर्छ । यसैको किनारामा थापापुर गाउँमा डल्फिन संरक्षण केन्द्र छ ।

**डल्फिन** (Dolphin) माछाजस्तो देखिए पनि यो माछाभन्दा फरक हुन्छ । यसले सन्तानलाई आफ्नो दूध ख्वाउँछ । डल्फिनका १७ जाति र ४० प्रजाति छन् । यिनीहरूको शरीर १.२ मिटरदेख ९.५ मिटरसम्म लामो र तौल ४०० किलोग्राम देखि १० टनसम्म हुन्छ । यसले माछा र समुद्रमा पाइने जीवहरू खान्छ । पृथ्वीमा बुद्धिमान प्राणीहरूमध्ये डल्फिन पनि पर्छ । नेपाल र भारतका नदीमा पाइने डल्फिनलाई ग्याङ्गेटिक डल्फिन भनिन्छ । स्थानीयहरू यसलाई सोँस भन्छन् । समुद्रमा पाइने डल्फिन र नेपालको नदीमा पाइने डल्फिनको थुतुनो फरक हुन्छ ।

**चराहरूको गुनासो :**

**वासस्थान** (Habitat) जीवजन्तुहरू बस्ने, हुर्कने, खेल्ने, खाने र सन्तान उत्पादन गर्ने प्राकृतिक स्थान । वासस्थान खल्बलियो भने जीवजन्तु विस्थापित वा लोप हुन्छन् ।

**वन अतिक्रमण** गरिबीको कारणले वा मानिसको जनसङ्ख्या बढेर वनक्षेत्रमा बस्ती बढाउने, रुख काट्ने र खेती गर्ने काम । यसले वन्यजीवको वासस्थान खल्बलिन्छ ।

**गिद्ध रेस्टूराँ :**

**गिद्ध** (Vulture) मरेको जीवजन्तु खाने सिकारी चरा । यो सबैभन्दा ठूला आकारका चराहरूमा पर्छ । यसको टाउको र घाँटी खुइलिएको हुन्छ । यसलाई प्रकृतिको सरसफाइ गर्ने चरा मानिन्छ । केही वर्षयता गिद्धको सङ्ख्या ह्वात्तै घटेको छ । डाइक्लोफेनिक औषधी खाएका पशुको सिनु खाँदा गिद्धहरू मरेको यसको एउटा मुख्य कारण मानिन्छ ।

**इको क्लब** (eco-club) वातावरणीय चेतना फैलाउने र वातावरण जोगाउन सक्रियतापूर्वक काम गर्ने क्लब ।

**डाइक्लोफेनिक** (Diclofen) बाथरोग, माइग्रेन, बातज्वर, मांसपेशीमा चोटबाट हुने दुखाइ कम गर्ने औषधी । यो औषधी खाएर मरेका जनावरको सिनु खाने गिद्धहरूमा यसको घातक प्रभाव पर्छ । गिद्धको सङ्ख्या घट्नमा यसलाई मुख्य कारण मानिएको छ ।

**एग्रोभेट** (Agrovet) पशुपंछी तथा खेतीपातीको लागि चाहिने उपचारका सामान औषधी आदि ।

**इकोसिस्टम** (Ecosystem) प्रकृतिमा रहेका हरेक वस्तुको जीवजन्तु र पशपंछीको जीवनमा विभिन्न भूमिका हुन्छ । जीवित वस्तुहरू र वरिपरिको वस्तु र अवस्थासँगको सम्बन्ध, यो सम्बन्धलाई पारिस्थितिक प्रणाली वा इकोसिस्टम भनिन्छ । यो प्रणालीमा एउटा वस्तु वा जीवको भूमिका फेरिने बित्तिकै समग्र पारिस्थितिक प्रणालीमा प्रभाव पर्छ ।

**भोजन चक्र** (Food chain) प्रकृतिमा बोट बिरुवा र पशुपंछीहरू सबै जीवले एक अर्कालाई खाएर ऊर्जा प्राप्त गर्छन् । जस्तै, खरायो र मृगले घाँस खान्छ । मृगलाई चितुवा र स्यालले खान्छ । बाघ र स्याल मरेर माटोमा मिसिन्छ । माटोमा भएका सूक्ष्म जीवहरूले तिनलाई पचाउँछन् । सूक्ष्म जीवहरूबाट बोटबिरुवाले पोषक तत्व पाउँछ ।

## व्यावहारिक प्रयोग

१) भान्छामा जम्मा हुने तरकारी, फलफूल, अन्डाको बोक्रा, चियापत्तीजस्ता कुहिने वस्तु एउटा भाँडामा राखेर कम्पोस्ट मल बनाउने ।

२) घरअगाडि वा बार्दलीमा चराहरू बस्ने, खाने, पानी पिउने व्यवस्था गर्ने । चराहरूलाई गुँड बनाउन सजिलो होस् भनेर तरकारी बाँधेर आएको पराल घरबाहिर राखिदिने ।

नेपाल सरकार
जल तथा मौसम विज्ञान विभाग
उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय

gef
अतिकम विकसित राष्ट्रहरुको
लागि कोष/विश्व वातावरण कोष

UNDP
Empowered lives.
Resilient nations.
संयुक्त राष्ट्रसंघीय विकास
कार्यक्रम (युएनडीपी)